**पूर्ण इजलास**

१

**स.प्र.न्या.श्री खिलराज रेग्मी, मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री वैद्यनाथ उपाध्याय**, मुद्दा नं. ०६८-DF-०००५, अंश चलन, *चिरागमान सिँह कुँवर वि.ज्ञानु कुँवर*

बकसपत्रको लिखतमा दाताले उल्लेख गरेको व्यहोरालाई अन्यथा प्रमाणित नभएसम्म स्वाभाविक हो भन्ने कुरा अदालतले अनुमान गर्नुपर्ने हुन्छ । अदालतबाट अनुमान गरिने यस्तो कुरा कुनै पक्षले खण्डन गरेमा वा कुनै जग्गा बकसपत्रबाट प्राप्त भएको भनी लिखतमा उल्लेख भए पनि वास्तविक रूपमा सो जग्गा खरीद गरी लिएको हो भनी दावी लिएमा त्यस्तो दावी प्रमाणित गर्ने भार प्रमाण ऐन, २०३१ को दफा २८ अनुसार त्यस्तो दावी गर्ने पक्षमा नै रहने ।

अंशबण्डाको १८ नं. मा उल्लिखित "कसैबाट" भन्ने शब्दले नजिकको हकदार, इष्टमित्र वा माइतीपट्टिका व्यक्तिलाई मात्र सीमित नगरी उल्लिखित व्यक्ति बाहेक जोसुकै व्यक्तिलाई पनि जनाउने देखिन्छ । यसरी अंशबण्डाको १८ नं. मा उल्लिखित "कसैबाट" भन्ने शब्दले जो कोही समेत सम्झन मिल्ने हुँदा उक्त १८ नं. मा भएको व्यवस्थालाई संकुचित व्याख्या गर्नु न्यायोचित् नदेखिने ।

लिखतको व्यहोराबाटै सो लिखतबमोजिम पाउने व्यक्तिले निजी तवरबाट प्राप्त गरेको भन्ने देखिन आएको अवस्थामा अन्यथा प्रमाणित नभएसम्म सो व्यहोरालाई असत्य मानी थैली हालेर नै खरीद गरेको भनी अनुमान गर्नु कानूनसंगत् एवं न्यायोचित् नदेखिँदा विवादित साविक कि.नं. ३५६ हाल कि.नं. ८७ को ज.रो. ०-४-० जग्गा पुनरावेदक वादी र विपक्षी प्रतिवादीबीच बण्डा नहुने ।

इति संवत् २०६९ साल साउन ११ गते रोज ५ शुभम् ।

२

**स.प्र.न्या.श्री खिलराज रेग्मी, मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री वैद्यनाथ उपाध्याय**, रिट नं. २०६७-WF-००३४, उत्प्रेषण, *उपेन्द्रकुमार नेपाल समेत वि. श्रम कार्यालय, बागमती अञ्चल काठमाडौं समेत*

ट्रेड यूनियन ऐन, २०४९ को दफा ३ मा प्रतिष्ठानस्तरको ट्रेड यूनियन दर्ताको लागि प्रतिष्ठानका कम्तीमा २५ प्रतिशत कामदार सदस्य रहनु पर्ने र कुनै पनि कामदार कर्मचारी एकै पटकमा एकभन्दा बढी ट्रेड यूनियनको सदस्य बन्न नपाउने बाध्यात्मक व्यवस्था रहेको देखिन्छ । यसबाट दर्ता कायम रहनु पर्दछ भन्ने यूनियनले दर्ता कायम रहन आवश्यक पर्ने २५ प्रतिशत सदस्यको समर्थन सदैव निरन्तररूपमा प्राप्त गरी रहनु पर्ने ।

नेपाल आयल निगममा कर्मचारी यूनियनलाई प्रतिष्ठानस्तरको ट्रेड यूनियन नवीकरण दर्ताको प्रमाणपत्र दिने गरी गरिएको निर्णय कानूनसम्मत् नदेखिएकोले सो निर्णय बदर हुने ।

इजलास अधिकृतः कृष्णमुरारी शिवाकोटी

इति संवत् २०६९ साल साउन ११ गते रोज ५ शुभम् ।

३

**स.प्र.न्या.श्री खिलराज रेग्मी, मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री वैद्यनाथ उपाध्याय**, रिट नं. २०६७-WF-००३५, उत्प्रेषण, *उपेन्द्रकुमार नेपाल समेत वि. श्रम कार्यालय, बागमती अञ्चल काठमाडौं समेत*

निवेदकले दोहोरो सदस्यता भएको भनी दावी लिएका सदस्यको सम्बन्धमा नेपाल आयल निगम कर्मचारी यूनियन परित्याग गरेको फर्ममा आधिकारिक रूपमा प्रमाणित भएको, २५ प्रतिशत सदस्य नपुगेको भनी निवेदकले लिएको जिकीरका सम्बन्धमा त्यस्तो जिकीर पुष्टि गर्न सकेको नदेखिएको र नेपाल आयल निगममा कार्यरत् ५४३ मध्ये २४४ जना कर्मचारीको सदस्यता रहेको दस्तावेज दाखिल गरेको भन्ने समेतको सम्पूर्ण तथ्यको विश्लेषण गरेको देखिन्छ । यसरी विपक्षी कर्मचारी संघ दर्ता हुनको लागि ट्रेड यूनियन ऐन, २०४९ को दफा ३(४) बमोजिम शर्त नपुगेको भनी निवेदकले उठाएको हरेक विषयमा तथ्यगत विश्लेषण गरी श्रम कार्यालय, बागमती अञ्चलका पञ्जिकाधिकारीले विपक्षी नेपाल आयल निगम कर्मचारी संघलाई प्रतिष्ठानस्तरको ट्रेड यूनियन दर्ता गर्ने गरेको निर्णय सदर हुने ।

इजलास अधिकृतः कृष्णमुरारी शिवाकोटी

इति संवत् २०६९ साउन ११ गते रोज ५ शुभम् ।

४

**मा.न्या. श्री रामकुमार प्रसाद शाह, मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री तर्कराज भट्ट,** ०६८-WF-०००२, उत्प्रेषण, *रत्नकाजी महर्जन समेत वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग समेत*

अदालतको फैसलालाई मुद्दाका पक्षलगायत सबैलाई मान्न कर लाग्ने संवैधानिक र कानूनी व्यवस्था रहेको देखिन्छ । सो फैसलालाई अमान्य गर्ने अधिकार प्रत्यर्थी अख्तियार दुरूपयोग अनुसन्धान आयोगलगायत कसैलाई हुँदैन । अदालतको फैसलालाई कानूनले तोकेको आधार र प्रक्रियाबमोजिम मात्र बदर गराउन सकिने ।

अन्य तरिका र माध्यमबाट वा अन्य कुनै निकायबाट वा स्वयं सरकारबाट साधिकार र सक्षम अदालतको फैसलालाई बदर गर्न वा अमान्य गर्न कानूनसंगत् नहुने र मान्य हुन नसक्ने ।

कुनै पनि न्यायिक प्रकृतिको निर्णय गर्दा न्याय सम्पादन गर्ने निकाय सदा निष्पक्ष हुनुपर्छ र हरेक पक्षलाई पूर्ण र स्वच्छ रूपले सुनुवाइ गर्ने यथेष्ट मौका दिनु पर्दछ भन्ने प्राकृतिक न्यायको सिद्धान्त हो । न्यायको सारभूत आवश्यकता प्राकृतिक न्यायको सिद्धान्त भएको हुँदा त्यसलाई उपेक्षा गर्न नहुने ।

कुनै अदालत वा न्यायिक निकाय वा अधिकारीले कुनै निर्णय गर्दा जबसम्म सम्बन्धित पक्षलाई उसको विरूद्धमा निर्णय गर्नु पूर्व प्रतिरक्षा गर्ने वा सफाइ पेश गर्ने पूर्ण अवसर प्रदान गरेको हुँदैन । यस्तो निर्णय प्राकृतिक न्यायको सिद्धान्तप्रतिकूल तथा वदरयोग्य हुने ।

विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगले पुनरावेदन अदालत एवं सर्वोच्च अदालत समेतबाट कि.नं. ५२ को जग्गा सरकारको हकको नभई व्यक्ति विशेषको हकको रहेको भनी पटक-पटक भएका फैसलाहरू प्रतिकूल हुने गरी सो फैसलाहरूलाई प्रभावहीन एवं शून्य गर्ने गरी अधिकारविहीन रूपमा मिति २०६५।३।१७ मा गरेको निर्णय र सोही निर्णयको आधारमा विपक्षी मालपोत कार्यालय, काठमाडौंले सम्बन्धित दर्तावाला यी रिट निवेदकहरूलाई बुझ्दै नबुझी प्रतिवादको मौका नदिई प्राकृतिक न्यायको सिद्धान्तप्रतिकूल रिट निवेदकको नाउँको दर्ता बदर गरी सरकारको नाममा दर्ता गर्ने गरेको मिति २०६५।३।२५ को निर्णय लगायतका सम्पूर्ण कामकारवाहीहरूबाट निवेदकहरूको सम्पत्तिसम्बन्धी हकमा आघात पुगेको देखिएकोले सो निर्णयहरू समेत उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ । अब साविकबमोजिम निवेदकका नाउँमा कि.नं. १८४१ र १८४२ को जग्गाको दर्ता स्रेस्ता र जग्गाधनी दर्ता प्रमाण पूर्जा यथावत कायम राख्नु भन्ने प्रत्यर्थी मालपोत कार्यालयको नाममा परमादेश समेत जारी हुने ।

**मा.न्या.श्री ताहिर अली अन्सारीको छुट्टै रायः**

कुनै सरकारी कर्मचारीले सरकारी वा सार्वजनिक जग्गा कसैको नाममा दर्ता गरेको, कुनै दुई व्यक्ति मुद्दा गरी, गराई भएको फैसलाबाट दर्ता गरे, गराएको वा स्वयं सरकारलाई पक्ष बनाई मुद्दा गरी फैसला भएको र सोउपर सरकारी अधिकारीको लापरवाही वा मिलेमतोले पुनरावेदन नगरेबाटै कुनै कानूनविपरीतको त्यस्तो फैसलाको आधारमा भएको व्यक्तिका नामको दर्ता कायम रहन नसक्ने ।

साविक कि.नं. ५२ को घर टहरा जग्गा नेपालको ऐतिहासिकस्थल भीमसेनस्तम्भ वा धरहराको पश्चिमतर्फको हो । यस्तै सोही क्षेत्रसँग जोडिएको पूर्वतर्फको टुँडिखेलको केही भाग होस् वा कुनै पनि सरकारी वा सार्वजनिक जग्गा होस् व्यक्ति विशेषको नाममा केही गरी दर्ता हुनु र त्यस्तो दर्ता कायम रहनु आफैंमा गैरकानूनी कार्य हो । सो सच्याउनका लागि कुनै व्यक्ति निकाय वा पदाधिकारीले भन्नु वा लेखी पठाउनु आफैंमा गैरकानूनी कार्य हुन नसक्ने ।

इजलास अधिकृतः कृष्णमुरारी शिवाकोटी

कम्प्युटरः मुकुन्द विष्ट

इति संवत् २०६९ साल असार १४ गते रोज ५ शुभम् ।

५

**मा.न्या. श्री रामकुमार प्रसाद शाह, मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री तर्कराज भट्ट,** मुद्दा नं. ०६८-DF-०००४, फैसला बदर, *परवरेज अख्तर अन्सारी वि. नरेन्द्रविक्रम राणा समेत*

अदालतबाट भएको फैसला त्रुटिपूर्ण भए वा चित्त नबुझे कानूनद्वारा निर्दिष्ट मार्ग अवलम्बन गरी मुद्दाका पक्षहरूद्वारा नै बदर गराउन सक्नु पर्छ । त्यसरी बदर गराउन नसकेमा त्यस्तो अन्तिम फैसला जे

जस्तो भए पनि पक्षहरूलगायत सबैलाई कानून सरह लागू हुने ।

अ.बं. ८६ नं. को रोहमा वादी बाहेक अन्य निकाय वा व्यक्तिको हक कायम गर्न सो कानूनी व्यवस्थाले मिल्ने नदेखिने ।

तत्कालीन समयमा खसीको व्यापार गर्ने भारतीय मुसलमानको मृत्यु भैसकेपछि सो अधिकार अन्य व्यक्तिमा स्वतः सर्न सक्ने अवस्था पनि देखिँदैन । केही अपवाद बाहेक सामान्यतया सम्पत्तिको स्वामित्वसम्बन्धी अधिकार (Proprietary Right) मात्र उत्तराधिकारबाट प्राप्त हुन सक्छ । कुनै व्यक्तिको मृत्यु हुँदा पनि उसका केही अधिकारहरू जीवित रहन्छन् र यस्ता जीवित अधिकारहरू उसका उत्तराधिकारीहरूमा सर्दछन् । तर मृतकका केही अधिकारहरू उसको मृत्युको साथसाथै समाप्त हुने हुनाले यस्ता अधिकारहरू निजका उत्तराधिकारीहरूमा सर्न नसक्ने ।

**मा.न्या.श्री ताहिर अली अन्सारीको छुट्टै रायः**

कि.नं. ५२ को जग्गा वि.सं. १९४३ र १९४५ पछि सो मुद्दाका वादी नरेन्द्रविक्रम राणाका बाबु वा बाजे कसैको नाममा रैकर परिणत, दर्ता वा नामसारी भएको छैन । सो जग्गाको शहरी नापी हुँदा पनि निजको नाम जग्गाधनी वा जोताहामा लेखिएको पाइँदैन । तिरो भरो र भोगचलन पनि निजको छैन । यस्तो अवस्थामा नापी पछि मुद्दा परी तह-तह हुँदै क्षेत्रीय अदालतबाट भएको अन्तिम फैसलाअनुसार पहिलादेखिको सरकारी जग्गा नेपाल सरकारको नाममा मिति २०४३।१।१४ मा दर्ता समेत रहे भएको र त्यसमा कुनै व्यक्तिको हकको कुनै ठोस प्रमाण नरहेकोले उक्त कित्ता नं. को जग्गा व्यक्तिको निजी नभई सरकारी स्वामित्वको जग्गा हो भन्ने देखिने ।

आफ्नो हक कायम गराउन जग्गा मिच्नेको महल वा जग्गा पजनीको महल र जग्गा नापजाँच ऐनअनुसारको हदम्यादभित्र अधिकारप्राप्त अदालतमा मिति २०४३।१।१४ को निर्णय बदरको लागि दावी परेको छैन । यसरी मिति २०५२।७।२२ को फैसलाको फिरादकर्ताले नियमित कानूनी प्रक्रिया अवलम्बन नगरेको र आफूले अवलम्बन गरेको ऐनको पनि हदम्याद नघाई फिराद दिएको देखिने ।

मालपोत कार्यालयले हक कायम गराई ल्याउन सुनाएकोमा सो हक कायम गराउन शुरू जिल्ला अदालतमा फिराद दावी गर्नुपर्ने हुन्छ । त्यसरी दावी नगरिएकोमा पुनरावेदन अदालतले हक कायम हुने,नहुने भन्ने विवादमा नागरिक अधिकार ऐनअन्तर्गतको शुरू अधिकारक्षेत्र ग्रहण गरी निर्णय गर्न नमिल्ने ।

वादीले कि.नं. ५२ को घरजग्गा नेपाल सरकारका नाममा पूर्ववत् कायम हुन र यसमा वादीको भोगाधिकार कायम हुन भनी दुईवटा दावी लिई फिराद दावी गरेको भए पनि वादीको वास्तविक सरोकार निजको भोगाधिकारसँग मात्र हुनुपर्ने हो । आफ्नो स्वामित्वको सुरक्षा नेपाल सरकार आफैंले गर्नुपर्ने ।

इजलास अधिकृतः कृष्णमुरारी शिवाकोटी

कम्प्युटरः मुकुन्द विष्ट

इति संवत् २०६९ साल असार १४ गते रोज ५ शुभम् ।

- यसै लगाउको ०६८-DF-०००३, फैसला बदर, *परवरेज अख्तर अन्सारी वि. भेषराज न्यौपाने समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

६

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय, मा.न्या.श्री तर्कराज भट्ट र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** दे.पु.नं.०००५, निर्णय बदर, लिखत बदर, दर्ता बदर दर्ता, *धनमन्तीदेवी चौधरी समेत वि. पवनकुमार शारदा*

जग्गामा हक प्राप्त गर्ने र हक छाड्ने, छोडाउने सम्बन्धमा निश्चित् कानूनी प्रक्रियाहरू निर्धारण गरिएका हुन्छन् । आफ्नो हक नै नपुग्ने सम्पत्ति आफ्नो हो भनी दर्ता गराउँदैमा स्वतः हक प्राप्त नहुने ।

आफ्नो हक टुटिसकेको वा हकै नभएको सम्पत्तिलाई अवाञ्छित वा गैरकानूनी तवरबाट दर्ता गराउनु दूषित दर्ता हुने ।

दूषित दर्ता मुद्दाको रोहमा देखिने कुरा हो । यो यो क्रिया दूषित दर्ता हुन्छ, त्यस्तो दूषित दर्ता बदर गराउन यो यस्तो कार्यविधि अवलम्बन गर्नुपर्दछ भन्ने छुट्टै व्यवस्था कानूनमा निर्धारण भएको देखिँदैन । दूषित दर्ताको सिद्धान्त, न्याय सम्पादनको सिलसिलामा कसैले अवाञ्छित, अनैतिक वा गैरकानूनी तवरबाट जालसाज

वा फट्याँई गरी आफ्नो हक टुटेको वा आफ्नो हकै नपुग्ने अर्काको हकको जग्गा वा सार्वजनिक जग्गालाई दर्ता गराई बसेको देखिएमा व्यक्तिको त्यस्तो अवाञ्छित दुष्प्रयासलाई शून्यमा परिणत गरी हक पुग्ने व्यक्तिहरूको हक तथा सार्वजनिक सम्पत्तिको रक्षा गरी कानूनको शासनलाई सम्मान गर्ने उद्देश्यले अदालत आफैंले विकास गरेको एक समन्यायिक सिद्धान्त हो, कानून न्याय प्रदान गर्ने औजार हो। न्याय कानूनको उद्देश्य हो। यसैले कानून, न्याय वा समन्याय कुनैले पनि यस्ता अवाञ्छित कार्यहहरूलाई सहन वा प्रोत्साहन गर्न नहुने।

प्रतिवादीका पति पिताले दूषित रूपमा गराएको कि.नं. ३२ को दर्तासम्बन्धी मिति २०३४।३।२५ को निर्णय, सोही जग्गा प्रतिवादी धनमतिदेवीका नाममा नामसारी भएको मिति २०५७।५।७ को नामसारी निर्णय एवं प्रतिवादीबीच पारीत मिति २०५७।५।२७ को बण्डापत्र र सोबमोजिम कित्ताकाट भई प्रतिवादीहरूका नाममा भएको कि.नं. ३३८, ३३९, ३४०, ३४१, ३४२ को दर्ता समेत बदर गरी वादीका नाममा दर्ता हुने।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०६९ साल असार २१ गते रोज ५ शुभम्।

## विशेष इजलास

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** रिट नं. ०६७-WS-०००४, उत्प्रेषण समेत, *कृष्ण राजभण्डारी समेत वि.सम्माननीय प्रधानमन्त्री तथा संरक्षक पशुपति क्षेत्र विकास कोष समेत*

हाल पशुपतिक्षेत्र विकास कोष (मन्दिर तथा पूजा व्यवस्था) नियमावली, २०६८ लागू रहेको भन्ने देखिन आएबाट निवेदकले चुनौती दिएको नियमावली नै हाल प्रचलनमा रहेको भन्ने देखिन नआएकोले सो नियमावलीको संवैधानिकतातर्फ विचार गरिरहनु पर्ने अवस्था नहुँदा प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य

कम्प्युटरः मुकुन्द विष्ट

इति संवत् २०६९ साल जेठ ४ गते रोज ५ शुभम्।

- यसै लगाउको रिट नं. ०६७-WS-०००३, उत्प्रेषण समेत, *भरतमणि जंगम वि. पशुपति क्षेत्र विकास कोषको कार्यालय, देवपत्तन, काठमाडौं* भएको मुद्दामा यसैअनुसार आदेश भएको छ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** रिट नं. ०६८-WS-००५६, उत्प्रेषण समेत, *जगदेव चौधरी समेत वि. संवैधानिक परिषद् समेत*

संविधानले विधायिकालाई प्रदान गरेको विधायिकी अधिकारक्षेत्र नाघी वा संविधानको दायराभन्दा बाहिर गई कानून निर्माण गरेको अवस्थामा मात्र कुनै पनि कानूनलाई असंवैधानिक कानूनको संज्ञा दिई बदर घोषित गर्न मिल्ने।

संविधान र कानूनको सामान्य सिद्धान्तप्रति पनि न्याय गर्न नसक्ने व्यक्तिले व्यक्तिगत स्वार्थ र बौद्धिक लहडबाजीबाट जस्तासुकै विवादलाई अदालतमा प्रवेश गराउने सोचले अदालतको महत्त्वपूर्ण समयको बर्बादी मात्र हुने नभई सार्वजनिक सरोकारको विधिशास्त्रीय मान्यता र अभ्यास नै विकृत बन्न पुग्ने हुँदा यस्तो कार्यलाई प्रोत्साहित गर्न नहुने।

विधायिकाले राष्ट्र र समाजको आवश्यकताअनुसार तत्काल नगरी नहुने अति जरूरी कार्य पनि सम्पादन नगरी संविधानप्रदत्त आफ्नो दायित्वप्रति उदासीनता देखाएको कारण सार्वजनिक जीवनमा जटिलता उत्पन्न भएको, राज्य सञ्चालनमा समस्या देखा परेको तथा सर्वसाधारणले अनावश्यक दुःख र हैरानी व्यहोर्नु परेको भन्ने कुरा प्रमाणित गरिएको अवस्थामा बाहेक सार्वजनिक सरोकारको निवेदनबाट सतही रूपमा विधायिकालाई कुनै कुराको न्यायिक निर्देश गरी रहनु शक्ति पृथकीकरणको सिद्धान्त समेतको दृष्टिकोणबाट उचित र मनासिब नहुने।

संवैधानिक निकायको मुख्य काम कार्यपालिकाको स्वेच्छाचारीतामा अंकुश लगाउँदै जवाफदेही बनाउने र मुलुकमा सुशासनमा कायम गर्ने हो। त्यसैले यस्ता निकायमा नियुक्त गरिने व्यक्तिहरू कुनै वाद, सिद्धान्त क्षेत्रीयता, जातियता आदि कुराहरूसँग निकट रहेको कारणले भन्दा पनि तिनमा निहित रहेको

योग्यता, क्षमता, निष्पक्षता, इमानदारिता, निर्भीकता विशेषज्ञता जस्ता वस्तुनिष्ट गुण र चरित्रका आधारमा चयन गरिनु पर्ने ।

सम्बन्धित पदमा रही कार्यसम्पादन गर्न आवश्यक पर्ने योग्यता, दक्षता निष्पक्षता, इमानदारिता, निर्भीकता र विशेषज्ञता जस्ता गुणहरू नभएको व्यक्तिलाई समावेशीताका नाममा त्यस्तो पदमा नियुक्ति गर्न मिल्ने गरी नियुक्तिको द्वैध योग्यता निर्धारण गर्न नमिल्ने ।

इजलास अधिकृतः नारायणप्रसाद सुवेदी
कम्प्युटरः विकेश गुरागाईं
इति संवत् २०६९ साल साउन ११ गते रोज ५ शुभम् ।

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री भरतराज उप्रेती,** ०६६-MS-००१९, अदालतको अपहेलना, *श्रीकृष्ण सुवेदी समेत वि.प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

मिति २०६५।७।१७ र २०६७।१।६ को विज्ञापनलगायतका कामकारवाही बदर गरिपाऊँ भनी यिनै निवेदकले दर्ता गरेको ०६५-WO-०४८६ र ०६६-WO-०९५३, समेतका रिट निवेदकहरू खारेज हुने ठहरी यस अदालतबाट मिति २०६७।४।१२ मा आदेश भइसकेको अवस्था हुँदा विपक्षी नेपाली सेना, भर्ना छनौट निर्देशनालय, जंगी अड्डाबाट मिति २०६७।१।६ मा प्रकाशित भर्नासम्बन्धी विज्ञापनले समेत मान्यता प्राप्त गरिसकेको देखिन्छ । यस्तो स्थितिमा सो मिति २०६७।१।६ को विज्ञापन प्रकाशन गर्ने विपक्षीहरूको कामकारवाहीबाट यस अदालतको मिति २०६५।११।३० को अन्तरिम आदेशको अवज्ञा भएको वा सोबाट यस अदालतको मानहानी भएको स्थिति नदेखिने ।

इजलास अधिकृतः विदुर कोइराला
कम्प्युटरः मुकुन्द विष्ट
इति संवत् २०६९ साल भदौ २१ गते रोज ५ शुभम् ।

२

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री तर्कराज भट्ट,** ०६५-CR-०१८६, डाँका, नेपाल *सरकार वि. विजय लामा समेत*

डाँकाको वारदात कायम हुन चारजना भन्दा बढ्ताको जमात भई जवर्जस्ती चोरी वा रहजनीमा लेखिएका रीतसँग वा हातहतियार लिई उठाई छाडी वा हुलहुज्जत गरी चोरी गरेको हुनुपर्ने भनी चोरीको ६ नं. मा स्पष्ट व्यवस्था गरिएको देखिन्छ । सो अनुरूप डाँकाको वारदात कायम हुन कम्तीमा पाँचजना व्यक्तिहरू चोरी कार्यमा संलग्न हुनै पर्ने प्रष्ट छ । प्रस्तुत विवादमा प्रतिवादीहरू अर्जुन थापामगर, विजय लामा र नारायण राई मात्र वारदातमा संलग्न भएको देखिएको हुँदा डाँकाको कसूर कायम नहुने ।

मिसिलको तथ्य एवं संकलित प्रमाणहरूबाट प्रतिवादीहरू अर्जुन थापा मगर, विजय लामा र नारायण राईले जाहेरवाला तथा निजको श्रीमती समेतलाई डर त्रासमा पारी दराज समेत तोडफोड गरी नगद तथा सुनको झुम्कासहित चोरी गरी लगेको पुष्टि भएको र घटनाको तत्काल पछि निजहरू पक्राउ परी अनुसन्धान अधिकारी र अदालत समक्षको बयान समेतमा सावित रहेको अवस्था हुँदा निज प्रतिवादीहरू तीनै जनाले चोरीको ४ नं. विपरीत जवर्जस्ती चोरीको कसूर गरेको पुष्टि हुन्छ । अतः निज प्रतिवादीहरू अर्जुन थापा मगर, विजय लामा र नारायण राईलाई सोही महलको १४(२) नं. बमोजिम सजाय गरी अन्य प्रतिवादीहरू अर्जुन लामा, हरि तामाङ, सानुकान्छा लामा र फणिन्द्रप्रसाद दाहाललाई अभियोग दावीबाट सफाइ हुने ।

इजलास अधिकृतः विदुर कोइराला
कम्प्युटरः विकेश गुरागाईं/शारदा तिमल्सेना
इति संवत् २०६९ साल भदौ १७ गते रोज १ शुभम् ।

३

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** पुनरावेदन नं. २०६८-CI-०३२३, निर्णय बदर समेत, *गुठी संस्थान केन्द्रीय कार्यालयका तर्फबाट र आफ्नो हकमा समेत ऐ.का प्रशासक सेमन्तराज चापागाईं समेत वि. नारायणदेवी मूलगुठी समेत*

गुठीको जग्गा वा घर रैकरमा परिणत भएकोमा स्रेस्ताबाट गुठी नै देखिएमा गुठी कायम गर्ने र रैकरको लगत कट्टा गर्नेसम्मको अधिकार गुठी प्रशासकलाई रहे भएको देखिन्छ । तर एकप्रकारको गुठी जग्गालाई

अर्को प्रकारको गुठीमा परिणत भएको भनी त्यसलाई बदर गर्ने अधिकार दिएको पाइदैन । उक्त ऐनको दफा ३९ मा भएको दोस्रो संशोधन (मिति २०४९।१०।५) ले मात्र एक प्रकृतिको गुठी घर वा जग्गा अर्कोमा दर्ता भएमा त्यस्तो दर्तालाई बदर गरी साविकबमोजिम कायम गर्न सक्ने अधिकार गुठी प्रशासकलाई दिएको पाइन्छ । प्रस्तुत मुद्दाको सन्दर्भमा कि.नं. १३० र ११५ को जग्गामा यी प्रतिवादी पञ्चलाल चौगुठीका नाममा मोही नामसारी भई रैतान नम्बरीमा परिणत गर्ने कार्य २०४५ सालमा नै भएकोमा त्यसपछि २०४९ सालमा आएको संशोधित ऐनको व्यवस्थालाई आधार लिई सो निर्णय बदर गर्ने गरी गुठी प्रशासकले निर्णय गरेको पाइन्छ । पहिलेदेखि बहाल रहेको ऐनको व्यवस्थाअनुसार साधिकार निकायबाट भएको निर्णयानुसार यी प्रत्यर्थी प्रतिवादीको हक अधिकार सिर्जना भइसकेकोमा पछि आएको ऐनअनुसार त्यसलाई बदर गर्ने गरी भएको प्रशासकको त्यस्तो निर्णयलाई कानूनसम्मत् मान्न नमिल्ने हुँदा प्रतिवादीहरूको नाममा दर्ता नामसारी भई कायम भएको दर्ता स्रेस्ता जग्गाधनी पूर्जा समेत यथावत् कायम हुने ।

इजलास अधिकृतः टिकाराम आचार्य

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०६९ साल भदौ ६ गते रोज ४ शुभम् ।

## इजलास नं. १

१

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** ०६५-WO-०२४२, उत्प्रेषणयुक्त परमादेश समेत, *चक्रलाल श्रेष्ठ वि. नेपाल दूरसञ्चार कम्पनी लिमिटेड केन्द्रीय कार्यालय भद्रकाली समेत*

निवेदक सेवामा पुनर्बहाली भएपछि उमेरको हदबाट अनिवार्य अवकाश पाएको अवधिसम्म सञ्चित भएको ९७.५ दिन घर बिदाको रकम रिट निवेदकले भुक्तानी पाइसकेको हुँदा विवादित बिदाको अवधिलाई रिट निवेदक २०५३।१०।९ मा पुनरबहाली हुनुभन्दा अघिको मान्नुपर्ने अवस्थामा यी निवेदकले मिति २०५५।१२।२२ मा दिएको निवेदनमा उक्त अवधिसम्मको सञ्चित बिदाको रकम पाऊँ भनी दिएको निवेदनमा तत्काल प्रचलित तलवका आधारमा नै भुक्तानी पाऊँ भन्ने माग दावी नै रिट निवेदकको भए रहेको मान्नुपर्ने ।

निवेदकको मागअनुसार ७ (सात) दिनभित्र नै भुक्तानी दिएको भए निवेदकले विवादित अवधिको बिदाको रकमको भुक्तानी निजको तत्काल कायम रहेको तलवको दरले नै पाउने हुँदा निजको निवेदनमा तत्काल निर्णय हुन नसकेको कारणबाट मात्र अवकाश हुँदाको तलवमानका आधारमा भुक्तानी दिनुपर्ने भन्न मिल्ने नदेखिँदा मिति २०४९।०८।१४ मा अवकाश भएपछि मिति २०५३।१०।१४ मा पुनर्वहाली हुँदासम्मको तत्कालीन दूरसञ्चार विनियमावलीको विनियम ७४ अनुसार अधिकतम् सञ्चित रहन सक्ने १२० दिनको तत्काल खाइपाई आएको तलव स्केलअनुसार सञ्चित घर बिदाको रकम भुक्तानी गर्ने गरी विपक्षी दूरसञ्चार कम्पनी लिमिटेडबाट निर्णय भएको र सो बमोजिमको रकम भुक्तानी माग्न आएमा उपलब्ध गराइनेछ भन्ने कुरा लिखित जवाफमा उल्लेख भएको देखिँदा निवेदकले सोबमोजिमको रकम भुक्तानी पाउन सक्ने नै हुँदा दूरसञ्चार कम्पनीको उक्त निर्णयलाई अन्यथा भन्न मिल्ने अवस्था देखिन नआएको हुँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

कम्प्युटरः मञ्जिता ढुंगाना

इति संवत् २०६९ साल साउन ३० गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री तर्कराज भट्ट,** २०६८ सालको WH-००७०, बन्दीप्रत्यक्षीकरण, *रञ्जनाकुमारी साहको हकमा राजीवकुमार साह वि. रामबाबु साह समेत*

लिखित जवाफसहित उपस्थित गराइएकी रजनाकुमारी साहलाई बन्दी यिनै हुन् भनी निजको तर्फबाट निवेदन दिने यी राजीवकुमार साहले इजलाससमक्ष सनाखत गरिदिएकोमा निज रञ्जनाकुमारी साहले यी निवेदकउपर आफूले सिरहा जिल्ला अदालतमा सम्बन्ध बिच्छेद् मुद्दा लिई हाल आफ्ना बाबु एवं विपक्षी रामबाबु साहको संरक्षणमा आफ्नो राजीखुशीले बसी आएको र आफूलाई कुनै यातना दिने र बन्दी बनाउने काम नभएको भनी स्वयं बन्दी भनिएकी व्यक्तिले यस इजलाससमक्ष

व्यक्त गरेको देखिँदा निवेदन मागअनुरूपको आदेश जारी हुने अवस्थाको विद्यमानता नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः रामप्रसाद शर्मा

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०६९ साल बैशाख १२ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६८-WO-०२०२, परमादेश, *लीलामणि पौडेल समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को सचिवालय समेत*

ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा १२ र कारागार नियमावली, २०२० को नियम २९ (२क) मा उल्लिखित कैद सजाय पाएका ज्येष्ठ नागरिकको कैद सजाय छूट र उनीहरूको लागि हेरचाह केन्द्रको स्थापना गर्नुपर्ने कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन विपक्षीहरूबाट हुनुपर्ने कुरा विवाद हुन सक्दैन । सामाजिक लोककल्याणकारी राज्यको अवधारणाअनुसार नागरिकहरूको लागि सेवा सुविधा उपलब्ध गराउनु पर्ने विषयमा देशको सार्वजनिक स्रोतको उपलब्धता प्रमुख रूपमा आउने भए पनि सरकारको महत्त्वपूर्ण कार्यभित्र यो कार्य अवश्य पनि पर्नु पर्दछ । नागरिकहरूको संविधान र कानूनअनुसार प्रत्याभूत गरेका अधिकारहरू सरकारबाट पूर्ति गर्ने प्रयास हर हालतमा गर्नु पर्दछ । ज्येष्ठ नागरिकहरूको हकमा सरकारको साधन स्रोतको कमी अगाडि आउनु हुँदैन । कारागार ऐन, २०१९, ज्येष्ठ नागरिक ऐन, २०६३ तथा उक्त ऐनका नियमावलीहरूमा भएको कानूनी व्यवस्थामुताविक ज्येष्ठ नागरिक कैदीहरूको सजाय छूट र हेरचाह केन्द्रको स्थापनासम्बन्धी कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्न गराउनका लागि उपयुक्त आवश्यक मापदण्ड, नीति नियम र अनुगमन संयन्त्र समेतको निर्माण गर्न विपक्षी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को सचिवालय समेतका नाउँमा निर्देशनात्मक आदेशसहितको परमादेश जारी हुने ।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी

कम्प्युटरः मञ्जिता ढुंगाना

इति संवत् २०६९ साल जेठ १७ गते रोज ४ शुभम् ।

४

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६८-WO-०९९५, उत्प्रेषणयुक्त परमादेश समेत, *विष्णुप्रसाद तिवारी वि. सिंचाई विभाग, जावलाखेल ललितपुर समेत*

असाधारण बिदा लिन चाहने कुनै पनि निजामती कर्मचारीले त्यस्तो बिदा माग गर्दा उचित र वस्तुनिष्ठ आधार र कारण खोली बिदा माग गर्नुपर्ने र त्यस्तो आधार कारण मनासिब छ भन्ने लागेमा सरकारले बिदा स्वीकृत गर्नसक्ने हुन्छ । तर निवेदनमा उल्लिखित आधार र कारण मनासिब नदेखिएमा सरकारले बिदा अस्वीकृत गर्न पनि सक्ने हुन्छ । यस्तो बिदा स्वीकृत गर्ने कुरा बाध्यात्मक नभई सरकारको स्वविवेकमा आधारित देखिन्छ भने निजामती सेवा नियमावली, २०५० को नियम ७१ ले बिदा अधिकारको कुरा होइन सहुलियत मात्र हो भन्ने व्यवस्था समेत गरेको देखिँदा बिदा माग्ने निवेदन दिँदैमा अधिकार जस्तो गरी स्वीकृत भई हाल्ने विषय देखिन नआउने ।

निजामती सेवा नियमावली, २०५० को नियम ६२(१) ले ३ वर्षभन्दा बढी कुनै पनि कर्मचारीको असाधारण बिदा सरकारले स्वीकृत गर्न नसक्ने गरी सीमावद्ध गरेको अवस्थामा ३ वर्षभन्दा बढी हुने अवधि ५ महिना २५ दिनको असाधारण बिदा सरकारले स्वीकृत गर्न सक्ने अवस्था पनि देखिन नआउने ।

निजामती सेवा ऐन, २०४९ को दफा ६१ को उपदफा (१) को देहाय (छ) को व्यवस्थाबमोजिम बिदा स्वीकृत नगराई लगातार नब्बे दिनसम्म आफ्नो कार्यालयमा अनुपस्थित रहेको कर्मचारीलाई अधिकारप्राप्त अधिकारीले विभागीय कारवाही गरी सेवाबाट हटाउन सक्ने कानूनी व्यवस्था गरेको देखिन्छ । सो कानूनी व्यवस्थाको मूल उद्देश्य लामो समय हेलचक्र्याई गरी कार्यालयमा अनुपस्थित हुने कर्मचारीलाई कारवाही गरी निजामती सेवालाई अनुशासित, मर्यादित बनाउनु हो भन्ने नै देखिन्छ । निजामती प्रशासन देशको स्थायी सरकार पनि भएकोले राज्यले लिएका नीतिहरूको कार्यान्वयन गरी जनतालाई छिटो, छरितो र सहज सेवा पुऱ्याउनु यसको कर्तव्य हो भन्ने कुरामा दुईमत हुन सक्दैन । अनुशासनहीन

कर्मचारी प्रशासनबाट राज्यले लिएका नीतिहरूको कार्यान्वयन र जनताले सुलभ र छिटो छरितो ढंगबाट सेवा प्राप्त गर्न सक्ने कुराको कल्पनासम्म पनि गर्न सकिने अवस्था रहँदैन । तसर्थ निजामती सेवा ऐनको दफा ६१(१)(छ) को कानूनी व्यवस्था निजामती प्रशासनलाई अनुशासित, मर्यादित बनाई जनताप्रति जवाफदेही बनाउने कडीको रूपमा गरिएको हो भन्ने विषयमा विवाद हुन सक्दैन । उल्लिखित ऐनको दफा ६१(१)(छ) को कानूनी व्यवस्था बिदा स्वीकृत नगराई लगातार नब्बे दिनसम्म आफ्नो कार्यालयमा हाजीर नभई हेलचेक्र्याई गर्ने कर्मचारीको हकमा लागू हुने हो । यसै सन्दर्भमा यस अदालतबाट बिदा स्वीकृत नगराई लगातार नब्बे दिनसम्म आफ्नो कार्यालयमा अनुपस्थित रहेको आरोपमा अधिकारप्राप्त अधिकारीले सेवाबाट बर्खास्त गरेको निर्णय कानूनसम्मत् हुने भनी रिट नं. ३१५०/२०५२, पूर्णबहादुर महर्जन विरूद्ध स्वास्थ्य मन्त्रालय समेत भएको उत्प्रेषण मुद्दामा सिद्धान्त समेत कायम भएको देखिएकोले यी निवेदकलाई बिदा स्वीकृत नगराई लगातार ९० दिनभन्दा बढी आफ्नो कार्यालयमा अनुपस्थित भएको कारण निजामती सेवा ऐन, २०४९ को दफा ६१(१)(छ) बमोजिम सेवाबाट हटाएको निर्णय मनासिब देखिने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम/रामप्रसाद शर्मा

कम्प्युटरः मञ्जिता ढुंगाना

इति संवत् २०६९ साल बैशाख ५ गते रोज ३ शुभम् ।

५

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६७-CI-०७६१, अंश चलन, *किरणकुमार महर्जन वि. रामकाजी महर्जन समेत*

पुनरावेदनसाथ पेश गरेको गीता महर्जनको विवाह भएको प्रमाणस्वरूप गीता महर्जन र रीता महर्जनको एकै दिन विवाह कार्यक्रम भएको भनिएको विवाहको निमन्त्रणा कार्डमा २०६७।८।२ मा विवाह हुने भनी उल्लेख भएको देखिन्छ । तर निज वादीले पुनरावेदन अदालतमा रीता महर्जनको २०६५।१।५ मा विवाह भएको भनी विवाह दर्ता प्रमाणपत्र पेश गरेको देखिएकोले पुनरावेदकको आफ्नै जिकीर परस्पर विरोधाभाषपूर्ण देखिन आएकोले विवाह दर्ता प्रमाणपत्र जस्तो भरपर्दो प्रमाणको अभावमा उक्त विवाहको निमन्त्रणा कार्डलाई प्रतिवादीको विवाह भएको अकाट्य प्रमाणको रूपमा ग्रहण गर्न नमिल्ने ।

जिल्ला अदालत नियमावली, २०५२ को नियम ७८ख(२) मा अंशियार संख्या घटबढ भएको वा ठहर भएको सम्पत्तिमा घटबढ भएको देखिन आएमा सोही मिसिलबाटै अंशियार संख्या र बण्डा लाग्ने सम्पत्ति यकीन गरी अंशबण्डा गर्ने फैसला कार्यान्वयन गर्ने शुरू अदालतलाई अधिकार भइरहेको देखिएकोले अंशियार संख्या घटबढ भएको भन्ने कुरा फैसला कार्यान्वयनको तहमा समेत टुङ्गो लाग्ने विषय भएको हुँदा पुनरावेदन अदालतको फैसला पछि अंशियार संख्या घटबढ भएको भन्ने आधारले पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण छ भन्न नमिल्ने ।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०६९ साल असोज १० गते रोज ४ शुभम् ।

६

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कमलनारायण दास,** २०६७ सालको CR-००९४, RC-००४६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. शेख सहुप समेत, नेपाल सरकार वि. शेख संजुर*

यी प्रतिवादीहरूले अनुसन्धान अधिकारी एवं अदालतमा समेत आरोपित कसूरमा पूर्णतः इन्कारी बयान गरेको देखिन्छ । घटनास्थल र लास जाँच प्रकृति मुचुल्काका मानिसहरूलाई उपस्थित गराउन भनी पुनरावेदन अदालतबाट आदेश हुँदा समेत वादी पक्षले उपस्थित गराई आफ्नो अभियोग दावी समर्थित गराउन सकेको देखिएन । यस्तो अवस्थामा यी प्रतिवादीहरूको के कस्तो कुटपीटबाट मृतक शेख भोलाको मृत्यु भएको हो भन्ने कुरा वादी पक्षले स्वतन्त्र एवं तथ्ययुक्त तरिकाले पुष्टि गर्न सकेको देखिँदैन । फौजदारी मुद्दामा प्रतिवादी विरूद्धको कसूर प्रमाणित गर्ने भार वादी पक्षमा हुने भन्ने कुरा प्रमाण ऐन, २०३१ को दफा २५ मा स्पष्ट उल्लेख भएको पाइन्छ । तर प्रस्तुत मुद्दामा वादी पक्षले यी प्रतिवादीहरूले यो यसरी आरोपित कसूर गरेका हुन् भनी शंकारहित तवरबाट पुष्टि गराउन सकेको पाइएन । यस्तो अवस्थामा प्रस्तुत मुद्दामा यी प्रतिवादीहरू शेख सहुप र शेख हैदर अलीले अभियोग दावीबमोजिमको

कसूर गरेको भन्न मिल्ने अवस्था मिसिल संलग्न प्रमाण कागजातबाट देखिन आएन । तसर्थ यी प्रतिवादीहरू शेख सहुप र शेख हैदर अलीले सफाइ पाउने ।

प्रतिवादी शेख सजुरको हकमा साधकको रोहबाट विचार गर्दा यी प्रतिवादी शेख संजुरले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा मिति २०६३।८।३ गतेका दिन शेख भोलासँग जग्गासम्बन्धी विषयमा झगडा हुँदा निजसँग हात हालाहाल भई आफूले मृतक भोलाको मुखमा हिर्काएको र ईँटाले समेत प्रहार गरेको भनी कसूर वारदातमा सावित भै बरामद दशीको ईँटा नै वारदातमा प्रयोग गरको हो भनी सनाखत समेत गरिदिएको देखिन्छ । यी प्रतिवादी शेख सजुरको अधिकारप्राप्त अधिकारीसमक्षको बयानलाई घटनास्थल प्रकृति मुचुल्का, संकलित दशी, मृतकको लासजाँच मुचुल्का तथा शव परीक्षण प्रतिवेदन समेतबाट पुष्टि र समर्थन भइरहेको देखिन्छ । यी प्रतिवादीले अदालतमा बयान गर्दा आरोपित कसूरलाई इन्कार गर्दै उक्त वारदातको समयमा अन्यत्र थिएँ भनी अन्यत्र उपस्थिति (Alibi) को दावी लिए तापनि उक्त अन्यत्र उपस्थितिको दावीलाई तथ्ययुक्त रूपमा पुष्टि गर्न सकेको देखिँदैन । यसरी यी प्रतिवादी शेख संजुरउपरको किटानी जाहेरी, निजको अधिकारप्राप्त अधिकारीसमक्षको सावितीबयान तथा मृतकको लास प्रकृति मुचुल्का र शव परीक्षण प्रतिवेदन समेतबाट समर्थित भई उक्त तथ्यहरू एकापसमा शृङखलावद्ध रूपमा मिलेको देखिई निजको हकमा आरोपित कसूर प्रमाणित भएको देखिन आयो । यसरी मृतक शेख भोलालाई कुटपीट गरी ज्यान मार्ने कार्यमा संलग्न भई यी प्रतिवादी शेख सजुरले अभियोग दावीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीत १३(३) नं. अनुसार जन्मकैदको सजाय हुने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

कम्प्युटरः मञ्जिता ढुंगाना

इति संवत् २०६९ साल जेठ २९ गते रोज २ शुभम् ।

७

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कमलनारायण दास,** २०६६ सालको CI-०१२८, अंश, *दलबहादुर आले वि. रामसिँह आले*

पुनरावेदक प्रतिवादी दलबहादुर आलेले पेश गरेको तायदाती फाँटवारीमा उल्लिखित कि.नं. ६५५, ११२, १२० र २०९ समेतको जग्गाहरू निजले आफू भारतीय सेवामा भर्ती भई कमाएको रकमबाट खरीद गरेको निजी हो भन्ने व्यहोरा उल्लेख गरी पारीत राजीनामा कागजातहरू र भारतीय सेनामा कार्यरत् रहेको प्रमाणहरू पेश गरेको देखिएकोले त्यसरी भारतीय सेनामा काम गरी कमाएको रकमले खरीद गरेको सम्पत्ति अंशबण्डाको १८ नं. बमोजिम निजको निजी आर्जनको मान्नुपर्ने ।

प्रत्यर्थी वादीले दे.नं. १४३४ को अंश मुद्दामा गंगाबहादुर आले बाहेकका यी पुनरावेदक प्रतिवादी दलबहादुर आलेलगायतका अन्य भाइहरू २५ वर्ष अगाडिदेखि नै अलग रही आ-आफ्नो खति उपति गरी आएकोले निजहरूसँग बण्डा गर्नुपर्ने सम्पत्ति नरहेको भन्ने व्यहोरा उल्लेख गरेको देखिएको र प्रस्तुत मुद्दामा यी पुनरावेदक प्रतिवादी दलबहादुर आलेले तायदाती पेश गर्दा कि.न.. ६५५, ११२, १२० र २०९ समेतका जग्गाहरू आफू भारतीय सेनामा भर्ती भई कमाएको रकमबाट खरीद गरेको भन्ने व्यहोरा उल्लेख गरी पारीत राजीनामा र भारतीय सेनामा सेवारत् रहेको भन्न पुष्टि हुने कागजातहरू पेश गरेको अवस्थामा यी पुनरावेदक दलबहादुरले निजी आर्जनबाट खरीद गरेका उल्लिखित जग्गाहरूबाट समेत प्रत्यर्थी वादीले ५ भागको १ भाग अंश पाउने भन्न नमिल्ने ।

इजलास अधिकृतः रामप्रसाद शर्मा

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०६९ साल बैशाख १३ गते रोज ४ शुभम् ।

८

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री कमलनारायण दास,** २०६५ सालको CR-०४५७, जालसाजी, *कृष्णमाया वादीकार वि. उमेशबहादुर ताम्राकार समेत*

जालसाजी कार्य हुनका लागि अर्काको हक मेट्ने, हदम्याद तारीख जाने वा नोक्सान पार्ने मनसाय तत्त्वको आवश्यकता हुन्छ । तर प्रस्तुत मुद्दामा तत्काल विवादित जग्गामा यी पुनरावेदक वादीको हक हिस्सा नै स्थापित नभएको अवस्थामा यो यसरी यो यस कारणले यी प्रतिवादीहरूले मेरो हक मेट्न खोजेकोले जालसाजी गरेको

भनी यी पुनरावेदकले तथ्ययुक्त तरीकाले दावी प्रमाणित गर्न सकेको नदेखिँदा जालसाजी तत्त्वको विद्यमानता देखिएन । यी प्रतिवादीहरूले यी पुनरावेदकको तत्काल हक हिस्सा नै यकीन नभएको विवादित जग्गा लिनु दिनु गरी गरेको बकसपत्रको लिखतलाई केवल वादी दावीको आधारमा मात्र जासाजी भन्नुपर्ने अवस्था देखिन आएन । तसर्थ ठोस सबूद प्रमाणको अभावमा मिति २०५३।२।१ को बकसपत्रको लिखतलाई जालसाजी घोषित गरी सजाय गरिपाऊँ भन्ने वादीको पुनरावेदन जिकीर पुग्न नसक्ने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

कम्प्युटरः मञ्जिता ढुंगाना

इति संवत् २०६९ साल जेठ २९ गते रोज २ शुभम् ।

## इजलास नं. २

१

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री प्रकाश वस्ती,** ०६७-WO-००८१, उत्प्रेषणयुक्त परमादेश, *रामशरण झा वि. भौतिक योजना तथा निर्माण मन्त्रालय समेत*

कानूनप्रदत्त अख्तियारीको दुरुपयोग भएको देखिनु हुँदैन । कानूनमा लेखिएका शब्दहरू टाँसी स्पष्टीकरण सोधिएकै छ, भन्दैमा अवकाश दिने वा मनोनयन रद्द गर्ने आधार बन्न नसक्ने ।

स्पष्टीकरण सोधिएको व्यक्तिले के काम गऱ्यो वा गरेन, जसबाट उसले संस्थाको हित गरेन भन्ने कुरा तथ्यबाट देखिनु पर्दछ । कसैको सेवाको अन्त्य गर्ने निर्णय मनोगत हुन सक्दैन । कानूनद्वारा प्राप्त हकको समाप्ति कानूनद्वारा निर्धारित प्रक्रियाअन्तर्गत मात्र हुने ।

निश्चित आधार र कारणमा मात्र समितिको सदस्य पदबाट हटाउन सकिनेमा प्रत्यर्थी मन्त्रालयबाट अमूर्त कारण देखाई निवेदकसँग स्पष्टीकरण सोधी सोको आधारमा पदावधि सकिनु अगावै सदस्य पदबाट हटाएको देखिन आएबाट निवेदकलाई हटाउने गरी भएका प्रत्यर्थी भौतिक योजना तथा निर्माण मन्त्री समेतका कामकारवाही कानूनसम्मत् नदेखिने ।

इजलास अधिकृतः बासुदेव पौडेल

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६९ साल भदौ १० गते रोज १ शुभम् ।

- यसै प्रकृतिको ०६७-WO-११६४, उत्प्रेषणयुक्त परमादेश, *रामआधार कापर समेत वि. भौतिक योजना तथा निर्माण मन्त्रालय समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

२

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री प्रकाश वस्ती,** ०६७-WO-१२९७, उत्प्रेषणयुक्त परमादेश, *प्रमिलाकुमारी गच्छेदार (थारू) समेत वि. भौतिक योजना तथा निर्माण मन्त्रालय समेत*

ग्रामीण खानेपानी तथा सरसफाई कोष विकास समिति (गठन) आदेशको प्रावधानअनुसार निश्चित् आधार र कारणमा मात्र समितिको सदस्य पदबाट हटाउन सकिनेमा प्रत्यर्थी मन्त्रालयबाट अमूर्त कारण देखाई निवेदकहरूसँग स्पष्टीकरण सोधी सोको आधारमा पदावधि सकिनु अगावै सदस्य पदबाट हटाएको देखिन आएबाट निवेदकहरूलाई हटाउने गरी भएका प्रत्यर्थी भौतिक योजना तथा निर्माण मन्त्री समेतका कामकारवाही कानूनसम्मत् देखिन नआउने ।

तथापि गठन आदेशको दफा ३(४) अनुसार निवेदकमध्येका प्रमिलाकुमारी गच्छेदार (थारू) र रामआधार कापरको पदावधि मिति २०६९।२।११ मा समाप्त भैसकेको भन्ने निजहरूको मनोनयन पत्रबाट देखिन आएकोले पदावधि समाप्त भएको मितिपछि प्रस्तुत रिट निवेदनको औचित्य नै समाप्त भैसकेकोले निवेदकहरूलाई ग्रामीण खानेपानी तथा सरसफाइ कोष विकास समिति (गठन) आदेश २०५३ को दफा ३(२)(ङ) बमोजिमको सदस्य पदमा मनोनयन गरेको देखिएको, गठन आदेशको दफा ३(४) बमोजिम निवेदकहरूको पदावधि मिति २०६९।२।११ पश्चात् समाप्त भै प्रस्तुत रिट निवेदनको औचित्य नै समाप्त भैसकेको देखिएबाट रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः बासुदेव पौडेल

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६९ साल भदौ १० गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री प्रकाश वस्ती,** २०६८-WO-०२४९, उत्प्रेषण, अधिकारपृच्छा, *रामआधार कापर समेत वि. भौतिक योजना तथा निर्माण मन्त्री समेत*

निवेदकहरूलाई सोधिएको स्पष्टीकरण हेर्दा गठन आदेशमा उल्लिखित के कस्तो काम कर्तव्य निजहरूबाट निर्वाह हुन नसकेको हो, समितिको उद्देश्य पूर्ति गर्न निवेदकहरूबाट के कस्तो भूमिका पूरा हुन नसकेको हो र समितिको हितअनुकूल हुने गरी यी रामशरण झा समेतबाट के कस्तो कार्य हुन नसकेको हो, सो यथार्थपरक आरोप नलगाई कारण र आधार समेत उल्लेख नगरी स्वच्छ सुनुवाइको सिद्धान्त समेतको प्रतिकूल हुने गरी हचुवा र अमूर्त कारणहरू खोली स्पष्टीकरण सोधी सो स्पष्टीकरणका आधारमा निवेदकहरूलाई पदबाट हटाई निजहरूको स्थानमा अन्य व्यक्तिहरूलाई मनोनयन गरको देखियो । कानूनद्वाराप्रदत्त अख्तियारीको दुरुपयोग भएको देखिनु हुँदैन । कानूनमा लेखिएका शब्दहरू टाँसी स्पष्टीकरण सोधिएकै छ भन्दैमा अवकाश दिने वा मनोनयन रद्द गर्ने आधार बन्न सक्दैन । स्पष्टीकरण सोधिएको व्यक्तिले के काम गऱ्यो वा के काम गरेन जसबाट उसले संस्थाको हित गरेन भन्ने कुरा तथ्यबाट देखिनु पर्दछ । कसैको सेवाको अन्त्य गर्ने निर्णय मनोगत हुन सक्दैन । कानूनद्वारा प्राप्त हकको समाप्ति कानूनद्वारा निर्धारित प्रक्रिया अन्तर्गत मात्र हुन सक्दछ । गठन आदेशको प्रावधानअनुसार निश्चित् आधार र कारणमा मात्र समितिको सदस्य पदबाट हटाउन सकिनेमा प्रत्यर्थी मन्त्रालयबाट अमूर्त कारण देखाई निवेदकहरूसँग स्पष्टीकरण सोधी सोको आधारमा पदावधि सकिनु अगावै सदस्य पदबाट हटाई अन्य व्यक्तिलाई मनोनयन गर्ने गरी मिति २०६८।३।१ मा निर्णय भएको देखिएबाट उक्त कामकारवाही कानूनसम्मत् देखिन नआउने ।

निवेदकहरूलाई ग्रामीण खानेपानी तथा सरसफाई कोष विकास समति (गठन) आदेश २०५२ को दफा ३(२)(ङ) बमोजिमको सदस्य पदमा मनोनयन भएको देखिएको, पदावधि पूरा नहुँदै कुनै सदस्यको पद रिक्त हुन आई बाँकी पदावधिको लागि मनोनयन भएको अवस्था बाहेक त्यसरी मनोनीत सदस्यको पदावधि ३ वर्षको हुने भन्ने गठन आदेशमा उल्लेख भएको देखिएको, समितिको हितअनुकूल निवेदकहरूबाट के कस्ता कार्य हुन नसकेको हो, सो स्पष्ट उल्लेख नगरी अमूर्त आधार र कारण देखाई निवेदकहरूसँग स्पष्टीकरण सोधी उक्त स्पष्टीकरण चित्त बुझ्दो नभएको भनी स्पष्ट कानूनी आधार बेगर निवेदकहरूलाई समितिको सदस्य पदबाट हटाई अन्य व्यक्तिहरूलाई मनोनयन गर्ने गरी भएको मन्त्रीस्तरको मिति २०६८।३।१ को निर्णय र तत्सम्बन्धी प्रत्यर्थीमध्येका नारायणप्रसाद समेतलाई गरेको मनोनयन कानूनविपरीतको भई मिलेको नदेखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । तथापि मनोनयनपत्रअनुसार रिट निवेदकमध्येका रामआधार कापर र प्रमीला गच्छेदार (थारू) को पदावधि मिति २०६९।२।११ पश्चात् समाप्त भैसेकेको देखिन आई पदावधि समाप्त भएपछि निजहरूको हकमा प्रस्तुत रिटको औचित्य नै समाप्त भैसकेकोले निजहरूको हकमा आज यस रिट निवेदनबाट केही बोलिरहन नपर्ने ।

निवेदक रामशरण झाको हकमा प्रत्यर्थी बिमला प्रजापतिलाई मनोनयन गर्ने गरी भएको निर्णय पद नै विधिवत् खाली नभएको अवस्थामा भई कानूनसम्मत् नहुँदा बिमला प्रजापतिलाई मनोयनन गर्ने गरी भएको मन्त्रीस्तरको मिति २०६८।३।१ को निर्णय उत्प्रेणको आदेशद्वारा बदर भै निज रामशरण झालाई मनोनयन भएको मितिबाट ग्रामीण खानेपानी तथा सरसफाई कोष विकास समिति (गठन) आदेश २०५२ ले किटान गरेको अवधिसम्म निर्वाध रूपमा कामकाज गर्न दिनु दिलाउनु भनी प्रत्यर्थी भौतिक योजना तथा निर्माण मन्त्रालय समेतको नाउँमा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः बासुदेव पौडेल

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६९ साल भदौ १० गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री तर्कराज भट्ट,** २०६४ सालको रिट नं. WO-०७६४, उत्प्रेषणयुक्त परमादेश, *नागेश्वरप्रसाद शाह समेत (जना ६२२) वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

निवेदकहरूले प्रस्तुत मुद्दामा माग गरेको विषय २०६० सालको रिट नं. ३२७० र ३३९६ को मुद्दामा एक पटक यस अदालतबाट निरोपण भैसकेको देखिएको, निवेदहरूले नियमानुसार पाउनुपर्ने सुविधा पाइसकेको भन्ने मिसिलसंलग्न कागजातबाट देखिएको,

प्रस्तुत मुद्दामा निवेदकहरूले माग गरेको आर्थिक सुविधालगायत क्षतिपूर्ति समेतको अपूर्ण, अधुरो अस्पष्ट एवं अमूर्त रहेको देखिएको तथा प्रत्यर्थीहरूबाट भए गरेका कामकारवाहीबाट निवेदकहरूको संविधानप्रदत्त हकाधिकारमा आघात पुगेको नदेखिँदा मागबमोजिमको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृतः बासुदेव पौडेल

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६९ साल बैशाख २५ गते रोज २ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्ती,** दे.पु.नं २०६७–CI-१०९०, मिलापत्र बदर, *वासुदेव साह कलवार समेत वि.अनुठा साह कलवार*

मोही लागेको जग्गाको कुतवापत पाउने बाली मोहीको मृत्युपश्चात् जग्गा जोत्ने निजका हकवालासँग नै दावी गरिने हो । जग्गा जोत्ने मोहीले कुत बुझाएन भनी मुद्दा दिनुको अर्थ जग्गा कसले जोतेको हो भन्ने तथ्यलाई स्वीकार गर्नु पनि हो ।

पुनरावेदक झवर यादवको मु.स. गर्ने फुलोवती यादव विरुद्ध जगदिशप्रसाद यादव भएको मोही प्रमाणपत्र नामसारी मुद्दामा पनि जग्गाधनीले साविक मोहीको मृत्युपछि मोहीका हकवालाहरूमध्ये कसलाई मोही पत्याउने भन्ने तथ्यको निर्णय एकपटक मात्र गर्न पाउने र जग्गाधनीलाई मोही रोज्न पाउने अधिकार छ भन्दैमा आज एउटा र भोलि अर्को हकवालालाई मोही पत्याउँदै जान पाउँछ भन्ने अर्थ गर्ने हो भने कानूनले दिएको यो अधिकारको दुरूपयोग हुन गई जग्गा कमाउने वास्तविक मोहीको हक अधिकारको दुरूपयोग हुन गई जग्गा कमाउने वास्तविक मोहीले हक सँधै जोखिममा पर्न जाने अवस्था सिर्जना हुन पुग्ने सिद्धान्त समेत प्रतिपादन भएको देखिँदा भूमिसम्बन्धी ऐन, २०२१ ले जसरी जग्गाधनीको हकलाई संरक्षण गरेको छ, त्यसैगरी मोहीको हकलाई पनि संरक्षण गरेको छ । मोहीलाई मोही हकबाट निष्काशन गर्न सकिने आधारहरू सोही ऐनले निश्चित् गरिदिएको छ । उक्त ऐनले निश्चित् गरेका आधारहरू बिना मोहीको हक जग्गाधनीले आफूखुशी समाप्त गर्न तथा एकाको नामबाट अर्कोको नाममा सार्न सक्ने देखिँदैन । साथै एकपटक कसैलाई मोहीको रुपमा स्वीकार गरेपछि विधिवत् मोहीबाट निष्काशन नभई त्यस्तो मोहीको हक समाप्त हुन नसक्ने हुँदा अन्य व्यक्तिले मोही लागेको जग्गा आफूले कमाएकोले आफ्नो नाममा मोही नामसारी हुनुपर्ने भनी दिएको मुद्दामा जग्गाधनीले निजलाई नै मोहीको रुपमा स्वीकार गरी मोही लगत कट्टा हुने गरी मिलापत्र गर्दैमा त्यस्तो मिलापत्रले कानूनी मान्यता नपाउने र सोको आधारमा वास्तविक मोहीको हक समाप्त हुन नसक्ने ।

इजलास अधिकृतः दीपककुमार दाहाल

कम्प्युटर गर्नेः निर्मला भट्ट

इति संवत् २०६८ साल माघ १३ गते रोज ६ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा समेत यसैअनुरूप निर्णय भएको छः

- पु.नं. २०६७–CI-१०८९, मोही नामसारी, *वासुदेव साह कलवार समेत वि.अनुठा साह कलवार*
- पु.नं. २०६७–CI-१०९१, जग्गा खिचोला चलन, *सोनादेवी कलवारिन वि.अनुठा साह कलवार*

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६७-CR-०८६३, चोरी, *नेपाल सरकार वि. प्रल्हाद थापा*

प्रतिवादीउपर लगाइएको कसूरको प्रकृति सैनिक ऐन, २०५३ को दफा ४९(क) अनुरूपको देखिएको र सोही ऐनमा सजायको व्यवस्था समेत गरिएको देखिँदा निजउपर कारवाही चलाउँदा सैनिक ऐनमा भएको व्यवस्थालाई नै अनुशरण गर्नुपर्ने हुन्छ । सैनिक ऐन आकर्षित हुने अवस्थामा मुलुकी ऐन, चोरीको महलमा भएको व्यवस्थाअनुसार कसूर कायम गरी सजायको माग गर्नुलाई सोही ऐनको प्रारम्भिक कथनको ४ नं. ले नै वर्जित गरिरहेको देखिन्छ । साथै यी प्रत्यर्थी प्रतिवादीले सैनिक ऐन, २०६३ को दफा ४९ को खण्ड (क) बमोजिमको कसूर गरेकोले सोही ऐनको दफा ६२(२) बमोजिम आवश्यक कारवाही गर्नुपर्ने भनी कोर्ट अफ इन्क्वायरीको प्रारम्भिक प्रतिवेदनबाट पनि देखिएको

छ । परन्तु, प्रस्तुत मुद्दामा अभियोजन लगाउने अभियोजनकर्ताले कोर्ट अफ इन्क्वायरीको प्रारम्भिक प्रतिवेदनलाई समेत अनदेखा गरी प्रचलित कानूनबमोजिम आपराधिक कार्य गर्नेउपर कारवाही नचलाउँदा दण्डहीनताले प्रश्रय पाउने र आपराधिक गतिविधिमा संलग्न हुनेलाई थप प्रोत्साहन पुग्न जाने हुँदा आगामी दिनहरूमा यस प्रकारका त्रुटिहरू नदोहोऱ्याउनेतर्फ नेपाली सेना, कार्यरथी विभाग (प्राड विवाक) जंगी अड्डालाई ध्यानाकर्षण गराइएको छ । प्रतिवादीहरूउपर सैनिक ऐन, २०६३ को दफा ४९ को खण्ड (क) बमोजिमको कसूरमा सैनिक ऐन, २०६३ ले प्रस्ताव गरेको सजायको माग गरी अभियोजन गर्नुपर्नेमा आकर्षित नहुने कानून उल्लेख गरी अभियोग लगाई सजायको माग दावी लिई कारवाही चलाएको सैनिक ऐन, २०६३ विपरीत देखिन आएकोले अभियोग पत्र नै खारेज गर्ने गरी सैनिक विशेष अदालतबाट मिति २०६६।९।१९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः दीपककुमार दाहाल

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६८ साल फागुन १८ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६७-CR-०९७२, करकाप, *देवनारायण चौधरी वि.शिवनारायण चौधरी समेत*

विवादित मिति २०६३।१२।८को लिखत घरायसी प्रकृतिको देखिएको र त्यसमा यी पुनरावेदक वादीका बाबुको नाममा कायम रहेको कि. नं. ३१५ र ३१६ को जग्गा पुनरावेदक देवनारायण चौधरीले प्रत्यर्थी प्रतिवादी कंगलु चौधरीलाई सुक्री बिक्री गरिदिएको भन्ने उल्लेख भएको देखिन्छ । उक्त घरसारको लिखतको व्यहोरामा उल्लेख वादीका स्वर्गीय पिता सगमलाल चौधरीको छूट दर्ता गराउन बाँकी भएको भन्ने फिराद लेखबाटै देखिएकोबाट विवादित लिखतमा उल्लिखित जग्गा पुनरावेदक वादी तथा वादीका बाबुको नाममा दर्ता भएको पनि छैन । यसरी वादीको नाममा कानूनबमोजिम दर्ता र कानूनन् हक भैनसकेको जग्गाको घरसारमा राजीनामा लिखत गरेकै रहेछ भने पनि त्यस्तो लिखतको भरमा हक कायम भै नसकेको जग्गाबाट वादीको हक जाने अवस्था नदेखिएको र हकै नभएको जग्गाको राजीनामा लिखतको कानूनी अस्तित्व शून्य हुने भएकोले त्यस्तो लिखतलाई नामाकरण गरिरहनु नपर्ने ।

इजलास अधिकृतः दीपककुमार दाहाल

कम्प्युटर : विश्वराज पोखरेल

इति संवत् २०६८ साल फागुन १८ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६६-CR-०६३२, गाली वेइज्जती, *चित्रकुमारी रायमाझी वि.तिलकबहादुर रायमाझी क्षेत्री*

कसैले कसैलाई गाली बेइज्जती गर्नु कानून विपरीतको कसूर हो र यस्तो कसूर गर्नेलाई कसूरको मात्राअनुसार हुनसक्ने सजायको उपल्लो हद तोकी कानूनमा उल्लेख गरिएको हुँदा कसूरको मात्राअनुसार नै कसूरदारलाई सजाय गर्नुपर्ने हुन्छ । त्यसैले जस्तोसुकै अवस्था र प्रकृतिको यससम्बन्धी कसूरमा अधिकतम् सजाय गरिने भन्ने होइन । सजाय तोक्दा बेइज्जती गरेको अवस्था र परिस्थिति, बेइज्जतीबाट पीडितलाई पर्न जाने असर, बेइज्जती गर्न प्रयोग गरिएको माध्यम वा साधन जस्ता कुराहरूलाई विचार गरेर नै सजाय निर्धारण गर्नुपर्ने ।

प्रतिवादीले वादीलाई गाली बेइज्जती गर्दा प्रयोग गरेका शब्दहरू लेखिएको वा छापिएको भन्ने नभई मौखिक रुपमा भनेको र ती शब्दहरू तत्समयमा मौजूद व्यक्तिहरू बाहेक अरुले अब सुन्न वा महसूस गर्न सक्ने गरी अस्तित्वमा रहेको अवस्था पनि छैन । जग्गाका सँधियारबीच भएको मनमुटावको कारणबाट प्रस्तुत वारदातको सिर्जना भएको भन्ने देखिन आएको अवस्था र परिस्थिति समेतलाई विचार गर्दा प्रतिवादीलाई कानूनमा उल्लिखित उपल्लो हदको जरीवाना र कैद जस्तो कठोर सजाय दिनु न्यायसंगत नदेखिएकोले प्रत्यर्थी प्रतिवादीलाई प्रस्तुत मुद्दाको कसूरमा रू. ५००।- जरीवाना हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम/दीपककुमार दाहाल

कम्प्युटर : विश्वराज पोखरेल.

इति संवत् २०६८ साल फागुन १८ गते रोज ५ शुभम् ।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६७-CR-०८७७, सम्बन्ध विच्छेद, *दिपेश राना वि.मानसरोवर राना*

स्वेच्छाले बिबाह गरेकी वादीले छोटो समयमै यी प्रतिवादीसँगको दाम्पत्यजीवन बिच्छेद् गर्नुपर्ने अन्य खास कारण पनि मिसिलबाट देखिन आउँदैन । लोग्ने स्वास्नीबीचको सम्बन्ध जीवनभरको सम्बन्ध हुने र एकआपसमा सबैभन्दा नजिकका कानूनबमोजिमका हकवाला पनि हुन् । जब त्यो सम्बन्धमा नै फाटो आउँछ, एकआपसमा मन मुटाव हुन्छ, कुटपीट गरी खान लाउन नदिने गरेको भन्ने प्रश्न उठाइन्छ र पतिसँग सँगै बस्न नसक्ने भै सम्बन्ध बिच्छेद् गर्न अग्रसर भै पतिबाट अंश पनि नचाहिने भनी लोग्ने स्वास्नीबीचको दायित्वबाट उन्मुक्ति हुन चाहेको कानूनबमोजिमको अवस्था छ भने निजलाई जवर्जस्ती लोग्नेसँगै बस्न अदालतले बाध्य गर्न नसक्ने ।

सँधै लोग्नेले दिएको दुःख कष्ट सहेर वा त्यसबाट मुक्त भएर अर्थात् कसरी आफ्नो जीवन बिताउने भन्ने वादीको रोजाईको विषय हो । लोग्नेको कुटपीट र निजले दिएको पीडा सहन सक्तिन भनी लोग्नेलाई परित्याग गर्न कानूनको सहारा लिँदै अदालतको ढोका घच्घच्याएको अवस्थामा प्रतिवादीसँग जीवनभरिको सम्बन्ध कायम गर्न बिबाह गरेकी वादीले बिबाहमा दिएका गहना पचाउनकै लागि मात्र सो बैबाहिक सम्बन्ध बिच्छेद गर्न चाहेको भन्ने प्रतिवादीको जिकीर मुनासिव नदेखिने ।

इजलास अधिकृतः दीपककुमार दाहाल

कम्प्युटर : विश्वराज पोखरेल.

इति संवत् २०६८ साल फागुन १८ गते रोज ५ शुभम् ।

६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री तर्कराज भट्ट,** २०६४-CR-०५४५, ठगी, *राजन पन्त वि.नेपाल सरकार*

निर्दोषिताको जिकीर लिनेउपर नै उजूर परेको अवस्थामा अनुसन्धानकै चरणदेखि दोषीहरूउपर कारवाही गर्न अनुसन्धानकर्तालाई मद्दत गर्नुको साटो लुकीछिपी बस्नुले पनि निजउपरको अभियोगलाई अवास्तविक भन्न सकिने अवस्था छैन । निज कार्यरत् कोअपरेटिभ सहकारी संस्था बन्द हुँदाको बखत यी प्रतिवादी मौजूद रहेको अवस्था नभएको, उक्त कोअपरेटिभको तर्फबाट गरिने निर्णयमा निजसमेतको संयुक्त निर्णय हुने गरेको भन्ने देखिएको, बैकसँग रकम झिक्ने र जम्मा गर्ने कार्यमा संलग्न रहेको र निजले अन्तिम पटक बैंकबाट झिकेको रकम बैंकमा जम्मा गरेको वा अन्य कसैलाई बुझाएको भन्ने कुनै प्रमाण पेश गरेको नदेखिएको अवस्था समेतका मिसिल संलग्न आधार प्रमाणहरूबाट यी पुनरावेदक प्रतिवादी अभियोग दावीबमोजिमको कसूरमा संलग्न रहेको देखिँदा पुनरावेदक प्रतिवादी राजन पन्त समेतले मुलुकी ऐन, ठगीको महलको १ नं. को कसूर गरेको भनी निज समेतका प्रतिवादीहरूलाई सोही महलको ४ नं बमोजिम विगोबमोजिम जरीवाना रू. १,६८,३८०।- र जनही दुई वर्ष कैद हुने ।

इजलास अधिकृत : दीपककुमार दाहाल

कम्प्यूटर गर्ने : विश्वराज पोखरेल

इति संवत् २०६८ साल पुस २६ गते रोज ३ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** २०६८-CI-०४९६, निषेधाज्ञायुक्त परमादेश, *हरिप्रसाद शर्मा (आचार्य) वि. महानगरीय प्रहरी परिसर, हनुमानढोका काठमाडौं समेत*

निवेदक विरूद्ध कुनै अवाञ्छित क्रियाकलाप हुन पुगेमा र सोको उजूरी दिएको अवस्थामा कारवाहीको प्रक्रिया अगाडि बढाइने भनी महानगरीय प्रहरी परिसर, काठमाडौंको लिखित जवाफमा उल्लेख भएबाट त्यस्तो अवस्था सिर्जित हुन पुगेमा यी निवेदकले सम्बन्धित निकायमा उजूरी दिन सक्ने र सम्बन्धित निकायबाट सो उजूरी निवेदनउपर कारवाही हुने नै हुँदा विपक्षीहरूबाट निवेदकको हक अधिकार हनन् गरेको भन्ने नदेखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः फणिन्द्र पराजुली

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६९ साल भदौ २८ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** २०६८-CI-०४५६, अदालतको

अपहेलना, *हरिप्रसाद शर्मा (आचार्य) वि. रामबहादुर श्रेष्ठ समेत*

जिल्ला प्रशासन कार्यालय, काठमाडौंको मिति २०६५।४।२ को निर्णयउपर यिनै निवेदकले दायर गरेको २०६५ सालको विविध नं. २९ को पुनरावेदनमा पुनरावेदन अदालत पाटनबाट पुनरावेदनमा लिएका जिकीरहरूको तथ्यमा प्रवेश गरी पुनरावेदनको रोहबाट हेर्न नमिल्ने भनी पुनरावेदन खारेज हुने ठहरी मिति २०६६।७।१६ मा फैसला भएको देखिन्छ। साथै यिनै निवेदकले यिनै विपक्षीहरूउपर पुनरावेदन अदालत, पाटनमा दायर गरेको परमादेशको निवेदनमा विपक्षीहरूको नाममा कारण देखाउ आदेश जारी भै सकेकोले प्रस्तुत अपहेलनाको निवेदन तामेलीमा राखीपाऊँ भनी यी पुनरावेदक/निवेदक स्वयंले मिति २०६७।१२।९ मा निवेदन दिएबमोजिम नै अपहेलनाको निवेदन सम्बन्धमा थप कारवाही नगरी खारेज हुने।

इजलास अधिकृतः फणिन्द्र पराजुली

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६९ साल भदौ २८ गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** २०६८-CI-०४९७, परमादेश, *हरिप्रसाद शर्मा (आचार्य) वि.रामबहादुर श्रेष्ठ समेत*

कानूनमा स्पष्ट व्यवस्था भएकोमा बाहेक जुन निकायबाट फैसला वा आदेश भएको हो सोही निकायले त्यस्तो फैसला वा आदेशको कार्यान्वयन गर्नुपर्ने हुन्छ। प्रस्तुत मुद्दामा जिल्ला प्रशासन कार्यालय, काठमाडौंको आफ्नो निर्णय कार्यान्वयन गर्न उदासीनता देखाएकाले परमादेश जारी गरी निर्णय कार्यान्वयन गरिपाऊँ भनी निवेदकले दावी लिएको भए तापनि आफूले गरेको निर्णयादेशको कार्यान्वयन गर्ने निकाय, जिल्ला प्रशासन कार्यालय, काठमाडौंलाई विपक्षी बनाई रिट दायर गरेको समेत देखिएन। साथै जिल्ला प्रशासन कार्यालय, काठमाडौंको उक्त मिति २०६५।४।२ को निर्णयउपर यिनै निवेदकले दायर गरेको २०६५ सालको विविध नं. २९ को पुनरावेदनमा पुनरावेदन अदालत पाटनबाट पुनरावेदनमा लिइएका जिकीरहरूको तथ्यमा प्रवेश गरी पुनरावेदनको रोहबाट हेर्न नमिल्ने भनी पुनरावेदन खारेज हुने ठहरी मिति २०६६।७।१६ मा फैसला भएको समेत देखिँदा निवेदन मागबमोजिम परमादेशको आदेश जारी हुन नसक्ने।

इजलास अधिकृतः फणिन्द्र पराजुली

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६९ साल भदौ २८ गते रोज ५ शुभम्।

४

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** २०६७-CI-११५७, निषेधाज्ञा, *गोपाल रेग्मी वि.महमद रफी मियाँ*

निवेदकको निर्विवाद हकभोगको जग्गामा रहेका रूखहरू कटान गर्नका लागि साधिकार निकाय जिल्ला वन कार्यालयबाट इजाजत प्राप्त गरी कानूनबमोजिम पूरा गर्नुपर्ने प्रक्रिया समेत अवलम्बन गरी आफ्नो हक भोगभित्रको जग्गामा रहको रुखहरू कटान गरेको कार्यलाई कानूनविपरीतको कार्य भन्न नमिल्ने हुँदा निवेदन मागबमोजिम निषेधाज्ञाको आदेश जारी हुने।

इजलास अधिकृतः फणिन्द्र पराजुली

इति संवत् २०६९ साल भदौ २८ गते रोज ५ शुभम

यस्तै प्रकृतिका निम्न मुद्दाहरूमा समेत यसैअनुरूप फैसला भएको छन्:

- २०६७-CI-११५४, निषेधाज्ञा, *गोपाल रेग्मी वि.रामानन्द राय समेत*
- २०६७-CI-११५५, निषेधाज्ञा, *गोपाल रेग्मी वि. मो. सकिर मियाँ*
- २०६७-CI-११५६, निषेधाज्ञा, *गोपाल रेग्मी वि. नवि महमद मियाँ*

५

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री तर्कराज भट्ट,** २०६५ सालको फौ.पु.नं. ०६५-CR-०२४३, ०३१८, कर्तव्य ज्यान, *शान्तकुमार राई समेत वि. नेपाल सरकार, नेपाल सरकार वि. वीरबल राई समेत*

प्रतिवादीमध्येका राजन राईको हकमा विचार गर्दा निजले मृतकलाई मार्नेसम्मको पूर्व योजना बनाई वारदातस्थलमा उपस्थिति भएको, यिनीहरूको बीचमा पूर्व रिसइवी पनि रहेको देखिएको, खुकुरी लाठी, भरूवा बन्दुक समेत लिई यी मृतक दिनेशकुमार राई आउँछन् भनी अन्य प्रतिवादीहरू समेत साथमा लिई भेला

जम्मा भै मृतक सो स्थानमा आई पुग्नासाथ कुटपीट गरी बाटोबाट करीब ५० मीटर जति तल बारीमा लगी अन्तिममा मैले आफैंले खुकुरी निकाली निजको बाँया कञ्चटमा प्रहार गरेको हुँ । म राजन राईले नै निजको हत्या गरेको हो भनी अधिकारप्राप्त अधिकारीसमक्ष बयान गरेको र निजले सोही कुरालाई समर्थन हुने गरी अदालतमा आई गरेको बयान, सहअभियुक्तहरूको बयान, वारदातको प्रकृति तथा Postmortem report मा उल्लिखित Cause of Death, साक्षीहरूको बकपत्र, मौकाको कागज तथा प्रत्यक्षदर्शी मिश्रीमाया कुँवर समेतले लेखाई दिएकोबाट पुष्टि भएको अवस्था छ । शान्तकुमार राई र मैले मात्र कुटपीट गर्दा निजको मृत्यु भएको हो भनी स्वीकार गरेको अवस्था र निजले अन्तिममा मैले नै खुकुरी प्रहार गरी हत्या गरेको हो भनी गरेको निजको अदालतसमक्ष गरेको बयानबाट देखिएकाले मृतक दिनेश राईको मृत्यु उसैको चोटबाट भएको भन्ने कुराको पुष्टि हुने ।

यसरी धेरै जनामध्ये उसैको चोटबाट मृत्यु भएको भन्ने पुष्टि भएको अवस्थामा यी राजन राईले मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. अनुसारको कसूर गरेको पुष्टि भएबाट सोही १३(३) नं. अनुसार निज राजन राईलाई सर्वश्वसहित जन्मकैद हुने ।

प्रतिवादी शान्तकुमार राईका हकमा विचार गर्दा निजले पनि राजन राईसँग मिली मृतकलाई मार्नेसम्मको पूर्वयोजना बनाई वारदातस्थलमा उपस्थिति भएको यिनीहरूको बीचमा पूर्व रिसइवी पनि रहेको देखिएको, खुकुरी लाठी, भरूवा बन्दुक समेत लिई यी मृतक दिनेशकुमार राई आउँछन् भनी अन्य प्रतिवादीहरू समेतलाई साथमा लिई भेलास्थलमा जम्मा भै सो स्थानमा आइपुग्नासाथ मैले र राजन राईले पक्री बाटोबाट करीब ५० मीटर जति तल बारीमा लगी कुटपीट गरेको हो भनी अधिकारप्राप्त अधिकारीसमक्ष बयान गरेको देखिन्छ र निजले सोही कुरा समर्थित हुने गरी अदालतमा आई गरेको बयानबाट निज प्रतिवादी शान्तकुमार राईलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम जन्मकैद मात्र हुने ।

अन्य प्रतिवादीहरूको वारदातस्थलमा मत सल्लाहसहित उपस्थिति हुनुका साथसाथै लाठा, ढुंगा सहित सहभागिता देखिएको, तर हात हाल्ने र ज्यान मार्ने काममा प्रत्यक्ष संलग्नता नदेखिए तापनि सोही ठाउँ नजिकैको डाँडोमा बसेर हेरिरहेको तथा लास गाड्ने कार्यमा सहयोग गरेको देखिएकोले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम जनही ६।६ महिना कैदको सजाय हुने ।

इजलास अधिकृतः हेमबहादुर सेन

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०६९ साल बैशाख ३१ गते रोज १ शुभम् ।

## इजलास नं. ६

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** ०६८-WO-०१४२, उत्प्रेषण समेत, *मृत्युञ्जयराज पाण्डेय वि. मध्यक्षेत्र प्रहरी कार्यालय, हेटौंडा मकवानपुर समेत*

कसैबाट कुनै कसूर भएकै अवस्थामा पनि कानूनले अख्तियारी दिएको अधिकारी वा निकायले मात्र कसूरदार ठहर गरी सजाय गर्न सक्दछ । कानूनद्वारा अख्तियार प्राप्त नगरेको व्यक्ति वा निकायले निवेदकलाई नोकरीबाट हटाउने निर्णय गरेकोलाई विधिवत् छ भनी भन्न नमिल्ने हुँदा निवेदक कार्यरत् रहेको अञ्चल सशस्त्र प्रहरी कार्यालय, बाग्मतीको प्रहरी उपरीक्षकले निवेदकलाई कारवाही गरी पदबाट हटाउन सक्नेमा अर्कै मध्यक्षेत्र प्रहरी कार्यालय हेटौंडाको प्रहरी उपरीक्षकबाट निवेदकलाई नोकरीबाट हटाउने गरी भएको आदेश निर्णय क्षेत्राधिकारको आधारबाट नै त्रुटिपूर्ण रहेको देखियो । यस्तो त्रुटिपूर्ण कार्य विरूद्ध रिट निवेदन परेकोबाट सो यथावत कायम रहन सक्ने अवस्था देखिँदैन । निवेदकलाई पदबाट हटाउने निर्णय आदेश समेतका कामकारवाही उत्प्रेषणको आदेशबाट बदर हुने ।

निवेदकलाई नोकरीबाट हटाउने निर्णय अधिकारक्षेत्रको अभावको कारण उत्प्रेषणको आदेशद्वारा बदर हुने स्थितिमा त्यस्तो अनधिकृत व्यक्तिले निर्णयमा मिति उल्लेख गऱ्यो गरेन, निवेदकलाई प्रतिवादको

मौका दियो दिएन र त्यस्तो मौका दिनु पर्ने हो होइन भन्ने यावत् कार्यविधिगत प्रश्नतर्फ प्रवेश गरिरहनु पर्दैन । निवेदकले आफ्नो निवेदनमा आफ्नो हक प्रचलन र उपचार प्राप्त गर्न विभिन्न प्रमाण र कानूनी प्रश्नको आधार लिएको हुन्छ । न्याय निरोपण गर्ने सिलसिलामा न्याय सम्पादनकै प्रयोजनका लागि विवादमा उठेका लिखत दस्तावेज, तथ्यगत प्रश्न र कानूनी प्रश्नको विश्लेषण गरिन्छ । न्याय सम्पादनको प्रयाजनार्थ जति विश्लेषण र व्याख्या गर्नुपर्ने हुन्छ त्यतिमै न्याय सम्पादन गर्ने कार्य स्वयं नियन्त्रित हुनु पर्दछ । आवश्यकता भन्दा बढी सबै विषयमा विश्लेषण गर्नु वाञ्छनीय नहुने ।

विपक्षीहरूबाट भविष्यमा सरकारी नोकरीको निमित्त अयोग्य नठहरिने गरी निवेदकलाई नोकरीबाट हटाउने मिति २०६६।१।३१ को निर्णय र पत्र तथा निवेदकको पुनरावेदनउपर मिति २०६८।३।१५ मा भएको पुनरावेदन खारेज गर्ने मध्यक्षेत्र प्रहरी कार्यालय, हेटौंडाको निर्णय र सो निर्णयबमोजिमको मिति २०६८।३।१५ को पत्रलगायत निवेदकलाई प्रतिकूल असर पार्ने विपक्षीहरूको कामकारवाही र निर्णयर्ला उत्प्रेषणको आदेशले बदर हुने ।

निवेदकलाई नोकरीबाट हटाउने निर्णय कामकारवाही बदर भएकोले निजको बहाली कायमै रहिरहेको हुँदा निजले ऐन कानूनबमोजिम प्राप्त गर्ने तलव भत्तालगायत अन्य सुविधा समेत निवेदकलाई दिनु दिलाउनु भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेश समेत जारी हुने ।

इजलास अधिकृतः परशुराम भट्टराई

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०६९ साल भदौ १८ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री तर्कराज भट्ट,** २०६५-CR-०४१२, ११११९, कुटपीट अङ्गभङ्ग, *धर्मराज मल्ल वि. नेपाल सरकार, पदमबहादुर थापा वि. नेपाल सरकार*

अङ्गभङ्गको सन्दर्भमा कुटपीटको २ नं. मा "मेरुदण्ड, डडाल्नु, हात, खुट्टा वा यिनैको जोर्नी, भाँची फोरी फुकाली, बेकम्मा पारी दिएमा अङ्गभङ्गको खत ठहर्छ" भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । मिसिल सामेल रहेको पीडितको घा जाँच केश फाराम, चिकित्सकको शारीरिक जाँच प्रतिवेदन समेतबाट पीडितको दायाँ खुट्टाको घुँडा फ्याक्चर भएको कुरा पुष्टि भैरहेको देखिँदा अङ्गभङ्गको कसूरमा कुटपीटको ६ नं. मा सजायको व्यवस्था गरिएको पाइन्छ । सो बमोजिम एउटा अंग मात्र बेकम्मा पारी दिएमा वा सो खत निको भई काम लाग्ने भएमा पनि पृथक सजायको व्यवस्था गरी कसूरको परिभाषाभित्र पारिदिएको देखिन्छ । यस्तो अङ्गभङ्गको कसूरसम्बन्धी मुद्दा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची १ अन्तर्गत परी वादी नेपाल सरकार भै चलाउन सकिने हुँदा प्रस्तुत अङ्गभङ्ग कुटपीट मुद्दालाई उक्त ऐनको अनुसूची १ र २ नं. भित्र नपरेको भन्ने आधार जनाई मुद्दाको तथ्यभित्र प्रवेश नगरी सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम सरोकारवाला जाहेरवालालाई झिकाई निजले सकार गरेमा वादी पक्ष कायम गरी दुनियावादी फौजदारी कुटपीट मुद्दामा परिणत गरी कारवाही किनारा गर्ने भनी गरेको शुरू बर्दिया जिल्ला अदालतको मिति २०६२।४।२३ को फैसला त्रुटिपूर्ण भै मिलेको नदेखिनाले बदर गरिदिएको छ । जे, जो बुझ्नु पर्ने हो बुझी मुद्दाको तथ्यभित्र प्रवेश गरी कानूनबमोजिम कारवाही किनारा गर्नु भनी उपस्थित प्रतिवादीहरूलाई तारिख तोकी प्रस्तुत मुद्दाको सक्कल मिसिल समेत शुरू बर्दिया जिल्ला अदालतमा फिर्ता पठाई दिने ।

इजलास अधिकृतः परशुराम भट्टराई

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०६९ साल भदौ १९ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री तर्कराज भट्ट,** २०६६-CR-०५३६, अवैध लकडी ओसारपसार, *नेपाल सरकार वि. लक्ष्मण प्रधान समेत*

सर्जमीन मुचुल्कामा बस्ने मानिसहरू तथा बरामदी मुचुल्काका व्यक्तिहरूले बरामदी काठ हरिबहादुर कार्कीलाई लक्ष्मण प्रधानले बिक्री गरेकै पुरानो काठ हो भनी अदालतमा आई बकी लेखाइदिएको देखिन्छ । यसरी प्रस्तुत मुद्दामा बरामद भएको काठ प्रत्यर्थी प्रतिवादीहरूले जंगलबाट हालसालै काटी ल्याएको काँचो काठ भन्ने नदेखिई पुरानो काठ भन्ने देखिएको र सो काठ रेञ्ज पोष्टमा थुपारिएकै काठमध्ये प्रत्यर्थी हरिबहादुरले उठाई

ल्याएको भन्ने तथ्य पुष्टि हुने कुनै ठोस आधार प्रमाण पनि मिसिलबाट नदेखिँदा र प्रतिवादी लक्ष्मण प्रधानको घर गोठको साविक संरचना फेरबदल गरी पुरानो काठ हटाइएको होइन भन्ने सम्बन्धमा अनुसन्धानकर्ताले जाँचबुझ गरेको पनि नपाइँदा यी प्रतिवादीहरूलाई अभियोग दावीबमोजिमको कसूरदार ठहऱ्याई सजाय गर्न नमिल्ने ।

प्रत्यर्थीहरूले दावीको कसूर नदेखिई बिना अनुमति काठ बेचबिखन ओसारपसार गरेको भन्नेसम्म देखिँदा निजहरूलाई वन ऐन, २०४९ को दफा ४९(ण) को कसूरमा उक्त ऐनको दफा ५०(१) को देहाय (ञ) बमोजिम सजाय हुने ।

इजलास अधिकृतः परशुराम भट्टराई

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०६९ साल भदौ १९ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री तर्कराज भट्ट,** २०६७-CR-०९१८, जीउ मास्ने बेच्ने, *नेपाल सरकार वि. लक्ष्मणबहादुर थापा*

प्रतिवादीको अदालतसमक्षको इन्कारी बयान, वादी पक्षले पीडित हरिमाया लामा, जाहेरवाला, मौकामा कागज गर्ने व्यक्तिहरूलाई अदलतसमक्ष उपस्थित गराई बकपत्र गराउन नसकेको, पीडित सपना तामाङको बयान हेर्दा प्रतिवादीले हामीलाई रू. १००।- दिन्छु, श्रृंगारको सामान दिन्छु, भोलि भक्तपुर घुम्न जाउँला भनेकोमा साँझमा लक्ष्मणबहादुरको पसलमा मानिसहरू आएका हुन् र हामीलाई घर लगेका हुन् भनी उल्लेख गरेको तर बेच्न लान भनी फकाएको भन्ने उल्लेख गरेको नदेखिएको स्थितिमा शंकारहित प्रमाणबाट अभियोग दावी पुष्टि हुन नसकेकाले अभियोग दावीबाट प्रतिवादीले सफाइ पाउने ।

इजलास अधिकृतः परशुराम भट्टराई

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०६९ साल भदौ १९ गते रोज ३ शुभम् ।

५

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६७-WO-०९०२, उत्प्रेषणयुक्त परमादेश, *तारानाथ मिश्र समेत वि. शिक्षा मन्त्रालय समेत*

निवेदकहरू बढुवा हुनको लागि आवश्यक पर्ने मूल्याङ्कनको नम्बरमा जेष्ठतालाई सबैभन्दा बढी नम्बर दिइने व्यवस्था शिक्षक सेवा नियमावली, २०५७ को नियम २८ तथा २९ ले गरेको देखिन्छ । निवेदकहरूले मिति २०६२।३।३१ देखि जेष्ठता कायम हुने गरी मिति २०६२।७।१३ र २०६२।८।२७ मा पाएको बढुवा नियुक्तिलाई रद्द गरी मिति २०६७।७।१९ देखि मात्र बढुवा हुने गरी दिएको् मिति २०६७।१०।१९ को पत्र तथा तत्सम्बन्धी भएका कामकारवाहीलाई मान्यता दिने हो भने निवेदकहरू बढुवामा पाँच वर्ष पछाडि पर्ने र निजहरू भन्दा पछि नियुक्ति हुनेहरूले पहिले बढुवा पाउने अवस्थाको सिर्जना हुन आउँछ । जुन कुरालाई न्यायोचित् मान्न नसकिने हुँदा निवेदकहरूले मिति २०६२।३।३१ देखि जेष्ठता कायम हुने गरी लखीमाया ब्लोन बाहेकका निवेदकहरूले पाएको मिति २०६२।७।१३ को बढुवा र निवेदक लखीमायाले पाएको मिति २०६२।८।२७ को बढुवा नियुक्ति पत्रलाई रद्द गर्ने गरी शिक्षक सेवा आयोगबाट मिति २०६७।९।३० मा भएको सिफारिश पत्र, जिल्ला शिक्षा कार्यालय धनकुटाको मिति २०६७।१०।१२ को निर्णय र सोही कार्यालयको २०६७।१०।१९ को पत्र, शिक्षक सेवा आयोग सानोठिमी भक्तपुरको मिति २०६७।६।१५ मा प्रकाशित सूचनालगायत निवेदकहरूको हक हितमा प्रतिकूल असर पर्ने गरी यस सम्बन्धमा भए गरेका सम्पूर्ण निर्णय, सिफारिश तथा पत्राचारहरू उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

निवेदकहरूलाई २०६२।३।३१ को निर्णयअनुसार दिइएको मिति २०६२।७।१३ को बढुवा नियुक्ति र निवेदक मध्येकी लखीमाया ब्लोनलाई दिएको मिति २०६२।८।२७ को बढुवा नियुक्ति यथावत सदर कायम गरिदिनु र अब हुने नियमित बढुवा प्रक्रियामा समेत सामेल गराइदिनु भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेश समेत जारी हुने ।

इजलास अधिकृतः हेमबहादुर सेन

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०६९ साल भदौ २४ गते रोज १ शुभम् ।

६

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** ०६६-WO-११९९, उत्प्रेषणयुक्त परमादेश समेत, *दि जुद्ध म्याच फ्याक्टरी लिमिटेडको*

*तर्फबाट अख्तियारप्राप्त सुरेन्द्र लाल सुवाल वि. श्रम कार्यालय, कोशी अञ्चल विराटनगर समेत*

कानूनद्वारा व्यवस्थित अधिकारको सम्बन्धमा व्यवस्थापन हस्तान्तरण भएकै नाताबाट वा व्यवस्थापन हस्तान्तरण गर्दा गरिएको मिति २०६१।१०।२७ को करार कागजबाट उन्मुक्ति हुने अवस्था नरहने ।

पाउनु पर्ने पारिश्रमिकलगायतका कानूनद्वारा निर्धारित सुविधाहरू माग गर्ने कानूनी अधिकार मजदूरमा रहेको देखिन्छ । त्यसमा पनि कम्पनीलाई कामदार आवश्यक नभएको भनी आफैंले अवकाश नै दिइसकेपछि निजहरूलाई भुक्तान गर्नुपर्ने दायित्वबाट कुनै पनि बहानामा पन्छन नमिल्ने ।

कारखानामा कार्यरत् कामदार वा कर्मचारीहरूले प्राप्त गर्ने पारिश्रमिक, महंगी भत्ता र सुविधाको सन्दर्भमा परिच्छेद्को दफा २१क मा वार्षिक तलव वृद्धि र दफा २२ मा पारिश्रमिक भत्ता र सुविधाको भुक्तानी दिने दायित्वसम्बन्धित व्यवस्थापकको हुने भन्ने व्यवस्था गरिएको छ । साथै दफा २४ मा लागेको जरीवाना, गैरहाजिरी, नोक्सानी, सुविधा दिएबापत कट्टी गर्नुपर्ने रकम, पेश्की वा बढी पारिश्रमिक दिएकोमा निलम्बन भएको रकम अवधिबापतको कट्टी रकम आयकर वा कुनै कर, अड्डा वा अदालतको आदेशबमोजिम कट्टी गर्नुपर्ने रकम बाहेक अन्य कुनै पनि रकम पारिश्रमिकबाट कट्टी गर्न प्रतिवन्ध गरिएको पाइन्छ । प्रचलित कानूनबमोजिम कट्टी गर्नु परेमा उल्लिखित कानूनी व्यवस्थाविपरीत ऐनको दफा २२ बमोजिम पारिश्रमिक भत्ता र सुविधा दिने दायित्व तोकिएको व्यवस्थापकले पारिश्रमिक लगायतका सुविधा कट्टी गर्न नमिल्ने ।

इजलास अधिकृतः ईश्वर पराजुली
कम्प्युटरः रानु पौडेल
इति संवत् २०६९ साल भदौ २४ गते रोज १ शुभम् ।

**इजलास नं. ७**

१

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** रिट नं. ०६८-WO-०४१३, उत्प्रेषणयुक्त परमादेश समेत, *नेपाल महिला केन्द्र ललितपुरको तर्फबाट बटुकृष्ण कार्की समेत वि. श्रम कार्यालय, बागमती अञ्चल समेत*

स्पष्टीकरण सोध्दा कानूनको दफाकै उल्लेखन आवश्यक पर्दैन । कानूनमा भएको व्यहोराको उल्लेखन भएमा सो दफा लेखिए सरहकै अवस्था मान्नु पर्ने हुन्छ । स्पष्टीकरण सोधिनुको तात्पर्य सम्बन्धित व्यक्तिलाई निजविरुद्धको आरोपको जानकारी दिई सो विषयमा निजका आफ्ना भनाई राख्न दिनु हो । यो कानूनी प्रक्रिया र कार्यविधि निवेदकबाट पूर्ण रूपले पालन भएको पाइन्छ । साथै सहकर्मी कर्मचारीलाई कुटपीट गर्नु खराब आचरण हो भन्ने कुरा कानूनद्वारा नै स्थापित छ र यस्तो खराब आचरणको परिणाम सेवाबाट अवकाश हो भन्ने पनि कानूनमा नै उल्लिखित छ । सेवा विधिशास्त्रले कर्मचारीको हक हित केवल कानूनको परिधिभित्र रही गरेका कार्यका हकमा सुरक्षित गरेको छ । कानूनद्वारा निषेधित कार्य गर्ने छूट कसैलाई हुँदैन । सम्बन्धित श्रमिक कर्मचारीले आरोपित कार्य गऱ्यो गरेन र गरेको भए विधिसम्मत् प्रक्रियाअनुसार कारवाहीको उठान भए भएनन् र कानूनले तोकेको सजाय भयो वा भएन न्यायिक अधिकारीले हेर्ने कुरा यत्ति मात्र हुने ।

विपक्षी सुदीप पौडेलले सहकर्मी पूजा गिरीलाई कुटपीट गरेको तथ्य आफैंले स्वीकार गरेको, श्रम ऐन, २०४८ को दफा ५१(क) बमोजिम कार्यालय क्षेत्रभित्र भएको कुटपीट खराब आचरणमा पर्ने, खराब आचरण गर्ने कामदार वा कर्मचारीलाई व्यवस्थापकले स्पष्टीकरण सोधी सेवाबाट हटाउनेसम्मको सजाय गर्न सक्ने, स्पष्टीकरणमा ऐनमा उल्लेख भएकै भाषा वा शब्द जस्ताको तस्तै उल्लेख गर्नु आवश्यक नपर्ने, अवकाश दिएको कार्यमा कानूनको त्रुटि नदेखिएको र कुटपीट गरेको तथ्य स्थापित भै सकेपछि घा जाँच गराइरहनु नपर्ने समेतका आधार र कारणबाट नेपाल महिला उत्थान केन्द्रका अधिकारप्राप्त अधिकारीले विपक्षी सुदीप पौडेललाई कानूनबमोजिम सेवाबाट अवकाश दिने गरी मिति २०६५।१०।२८ मा गरिएको सजाय विपक्षी श्रम अदालतले २०६८।४।१८ मा बदर हुने ठहऱ्याएको फैसला उत्प्रेषणको आदेशले बदर हुने ।

इजलास अधिकृतः भीमबहादुर निरौला
कम्प्युटरः मन्दिरा रानाभाट
इति संवत् २०६९ साल भदौ १९ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री कमलनारायण दास,** ०६७-CI-१६०३, निषेधाज्ञा, *वर्तमाया राई (दर्लामी) मगर समेत वि.पुष्करप्रसाद जोशी समेत*

निवेदन दावीको घरजग्गा विपक्षीमध्येका पुष्करप्रसाद जोशीले लीना रायमाझीबाट र.नं. ३४५ मिति २०५७।६।१० मा राजीनामाबाट प्राप्त गरेको भन्ने लिखित जवाफसाथ पेश हुन आएको राजीनामाको लिखतको छायाँप्रतिबाट देखिएको र सो तथ्यलाई पुनरावेदक निवेदकले अन्यथा भन्न सकेको देखिँदैन। सो घरजग्गा आशमाया देवानबाट बहालमा लिएको भनी निवेदकले जिकीर लिएको भए पनि उक्त घरजग्गा आशमायाका नाउँमा रहेको देखिँदैन। अनधिकृत व्यक्तिसँग गरेको बहाल सम्झौताका आधारमा निवेदकले बहालमा बसिरहन पाउँदैन। यसका अतिरिक्त उक्त घरजग्गाका सम्बन्धमा विपक्षीमध्येका पुष्करप्रसाद जोशी र सुरेन्द्र राईबीच चलेको जग्गा खिचोला चलन मुद्दामा यस अदालत समेतबाट मिति २०६४।१०।२९ मा उक्त घरजग्गा पुष्करप्रसाद जोशीको कायम हुने ठहरी भएको फैसला अन्तिम भएको देखिएको र विवादित घरजग्गा बहालमा दिने भनिएकी आशामाया मादी देवानका नाउँमा दर्ता रहेको नदेखिएको र अदालतको अन्तिम फैसलाबाट समेत सो घरजग्गा विपक्षीहरू मध्येको पुष्करप्रसाद जोशीको हक कायम भई सकेको अवस्थामा उनाउ व्यक्तिसँग सम्झौता गरेको भन्ने आधारमा निवेदकको कुनै किसिमको कानूनी हक हनन् भएको नदेखिएकोले निवेदन खारेज हुने।

इजलास अधिकृत: किशोर घिमिरे

कम्प्युटर: रानु पौडेल

इति संवत् २०६९ साल भदौ ७ गते रोज ५ शुभम्।

- यसै प्रकृतिको ०६७-CI-१६०४, निषेधाज्ञा, *नानु राई वि. धनकुटा जिल्ला अदालत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

३

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री कमलनारायण दास,** ०६७-CI-०५९४, परमादेश, *मालपोत कार्यालय, कास्की पोखरा वि. विष्णु गुरुङ समेत*

पुनरावेदक मालपोत कार्यालय, कास्कीले मालपोत ऐन, २०३४ को दफा ८ख को उपदफा (२) बमोजिम जग्गा फुकुवा गर्न नमिल्ने भनी पुनरावेदन पत्रमा जिकीर लिएको देखियो। उक्त कानूनी व्यवस्था हेर्दा "प्रचलित कानूनबमोजिम कुनै अड्डा वा सरकारी कार्यालयबाट कुनै घर जग्गा रोक्का राख्न वा त्यस्तो रोक्का राखिएको घरजग्गा फुकुवा गर्न लेखी आएमा मालपोत कार्यालयले लेखी आएबमोजिम त्यस्तो घरजग्गा रोक्का वा फुकुवा गरिदिनु पर्छ" भन्ने व्यवस्था रहेको पाइन्छ। सो कानूनी व्यवस्थाले मालपोत कार्यालयलाई अदालतले रोक्का राख्नु भनी लेखी पठाए भन्दा बाहेकको घरजग्गा पारीत गर्न वा हक हस्तान्तरण गर्नबाट रोक्ने अधिकार प्रदान गरेको देखिँदैन। त्यसकारण मालपोत कार्यालय, कास्कीले जिल्ला अदालतको आदेशानुसार रोक्का रहेभन्दा बढी जग्गाको हक हस्तान्तरण गर्न नदिएको कार्य कानूनअनुरूप देखिन आएन। तसर्थ, निवेदन मागबमोजिम रोक्का रहेको भन्दा बाहेकको जग्गा पारीत गरिदिनु भनी परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत: किशोर घिमिरे

कम्प्युटर: रानु पौडेल

इति संवत् २०६९ साल भदौ ७ गते रोज ५ शुभम्।

४

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री कमलनारायण दास,** ०६८-CI-१२००, परमादेश, *रामबहादुर मण्डल वि. साना किसान विकास बैंक मझौरा, बिसनपुर महोत्तरी समेत*

महोत्तरी जिल्ला अदालतको मिति २०५१।५।२१ र पुनरावेदन अदालत, जनकपुरको मिति २०५३।३।१० को फैसला एवं महोत्तरी जिल्ला अदालतको मिति २०५७।१।१० को चलनपूर्जी अनुसार अंश भागमा परेको जग्गा विपक्षी बैंकले ऋण चुक्ता भइसक्दा पनि फुकुवा नगरेकोले उक्त जग्गा फुकुवा गरिदिनु भन्ने परमादेशको आदेश जारी गरिपाऊँ भन्ने निवेदन दावी र निवेदकले दावी लिएको जग्गा धितो राखी जग्गाधनी जामुनेश्वर मण्डलले लिएको ऋणको हरहिसाब भई समूहबाट जग्गा फुकुवा गरिदिन लेखी आएका अवस्थामा मात्र जग्गा फुकुवा गर्ने अधिकार साना किसान विकास बैंकलाई भएकोले निवेदन खारेज गरिपाऊँ भन्ने लिखित जवाफ रहेको देखिन्छ। निवेदनमा उल्लिखित जग्गा धितो राखी निवेदकका अंशियार एवं

जग्गाधनी जामुनेश्वर मण्डलले ऋण लिएको कुरामा विवाद छैन । उक्त ऋण चुक्ता गरिसकेको भनी निवेदकले दावी लिए पनि सोको कुनै प्रमाण पेश गर्न सकेको देखिँदैन । बैंकबाट लिएको ऋणको हरहिसाब गरी ऋण भुक्तान भइसकेपछि कानूनबमोजिम जग्गा फुकुवा हुने नै हुन्छ । तसर्थ, निवेदकले निवेदकको खारेज हुने ।

इजलास अधिकृतः किशोर घिमिरे

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६९ साल भदौ ७ गते रोज ५ शुभम् ।

५

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री कमलनारायण दास,** ०६८-CI-०३०९, निषेधाज्ञा परमादेश, *दीपेन्द्रकुमार सिँह वि. मनोजकुमार तिवारी समेत*

निवेदकले नयाँ कार्यसमिति गठन गर्ने कार्य रोकिपाऊँ भनी निवेदनमा जिकीर लिएको भए पनि मिति २०६७।८।१० मा नै राजेन्द्रप्रसाद गोइतको संरक्षकत्वमा र मनोजकुमार तिवारीको अध्यक्षतामा कार्यसमिति गठन भई उक्त कार्यसमितिको निर्णयानुसार जानकी आँखा अस्पताल कर्मचारी यूनियन श्रम कार्यालय, जनकपुरको मिति २०६७।११।२७ को निर्णयानुसार दुई वर्षको लागि नवीकरण भइसकेको भन्ने विपक्षीको लिखित जवाफसाथ पेश हुन आएको निर्णयको छायाँप्रतिबाट देखिन आउँछ । उक्त निर्णयलाई पुनरावेदकले अन्यथा भन्न र बदर गराउन सकेको देखिँदैन । सम्पन्न भइसकेको कार्य र निर्णयका सम्बन्धमा परमादेश वा निषेधाज्ञाको आदेश जारी हुन नसक्ने ।

नागरिक अधिकार ऐन, २०१२ को दफा १२ द्वारा प्रदत्त मतदान गर्ने र उम्मेद्वार हुने अधिकारबाट बञ्चित गरेको भन्ने जिकीर लिएको भए पनि पुनरावेदन अदालतमा निवेदन दिँदा त्यस्तो जिकीर लिएको देखिँदैन । शुरूमा निवेदन दिँदा जिकीर लिन नसकेको अवस्थामा पुनरावेदन गर्दाका बखत दावी गरिएको जिकीरलाई आधार मानी मागबमोजिमको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृतः किशोर घिमिरे

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६९ साल भदौ ७ गते रोज ५ शुभम् ।

६

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री कमलनारायण दास,** ०६७-CI-०५७६, निषेधाज्ञा, *सर्वजीत राई वि. दिलकुमारी लिम्बू*

यी पुनरावेदक विपक्षीले यिनै प्रत्यर्थी निवेदकउपर सुनसरी जिल्ला अदालतमा दिएको लेनदेन मुद्दा कारवाहीयुक्त अवस्थामा रहेको तथ्यलाई पुनरावेदकले स्वीकार गरेको र यी पुनरावेदक र प्रत्यर्थीहरूबीच लोग्ने स्वास्नीको नाता सम्बन्ध विच्छेद् भइसकेको तथ्यलाई समेत दुबै पक्षले स्वीकार गरेको स्थिति समेतलाई दृष्टिगत गर्दा निवेदकलाई विपक्षीले लेनदेनजस्तो देवानी विषयलाई लिएर पक्राउ गर्ने, थुनछेक गर्ने आशंकाको अवस्था देखिन आएबाट निषेधाज्ञाको आदेश जारी हुने ।

इजलास अधिकृतः किशोर घिमिरे

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६९ साल भदौ ७ गते रोज ५ शुभम् ।

७

**मा.न्या.श्री प्रकाश वस्ती र मा.न्या.श्री कमलनारायण दास,** ०६७-CI-१५५०, निषेधाज्ञा, *धर्म महर्जन वि. लक्ष्मीदेवी महर्जन*

विवादित कि.नं. ५९ को घरजग्गा निवेदकका नाउँमा दर्ता रहेको र यी निवेदक र विपक्षीबीच जिल्ला अदालतमा लिखत बदर समेतका मुद्दा चली कारवाहीयुक्त अवस्थामा रहेको कुरामा विवाद देखिँदैन । काठमाडौं जिल्ला अदालतमा चलेका मुद्दामा सो अदालतबाट फैसला हुँदा ठहरेबमोजिम हुने भएकोले निवदेनमा उल्लिखित घरजग्गा निवेदकका नाउँमा दर्ता रहेको अवस्थामा सो घरमा विपक्षीले अनधिकृत हस्तक्षेप गर्न नपाउने हुँदा निषेधाज्ञाको आदेश जारी हुने ।

इजलास अधिकृतः किशोर घिमिरे

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६९ साल भदौ ७ गते रोज ५ शुभम् ।

## इजलास नं. ९

१

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६९-WH-००१६,

बन्दीप्रत्यक्षीकरण, *कञ्चन सिँह वि. जिल्ला प्रहरी कार्यालय, बाँके समेत*

निवेदिकाले मिति २०५१।५।२२ मा पहिले नागरिकता लिई मिति २०६६।७।६ मा सोको प्रतिलिपि लिएको नागरिकता विवादमा रहे पनि निजको पतिका जग्गाहरू मिति २०६८।४।९ मा नामसारी गरेको तथ्यहरूको अलावा स्वयं वादी नेपाल सरकारले निवेदिका विरूद्धको अभियोगपत्र दायर गर्दा नेपाल र भारत दुबै ठाउँको वतन उल्लेख गरेकोबाट निजको बसोबास नेपालमा छैन भनी मान्न मिल्ने अवस्था रहेन। यसरी जग्गा जमीनमा निकै अघिदेखि रही बसोबास गरी आएको अवस्थामा स्थायी रूपमा निवेदिकाको नेपालमा बसोबास छैन भनी मान्न मिल्ने अवस्था नरहने।

मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको ११८ नं. को देहाय ३ आकर्षित हुनलाई नेपालमा स्थायी बसोबास नभएको कुनै अभियुक्तलाई तत्काल प्राप्त प्रमाणबाट ६ महिना वा सो भन्दा बढी कैदको सजाय हुन सक्ने अपराधको कसूरलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्ने व्यवस्था गरिएको कानून हो। यी निवेदिकाको नेपालमा बसोबास रहेको र निजको नाममा जग्गा जमीन समेत रहेको कुरा अभियोगपत्रबाटै प्रमाणित भैरहेको अवस्थामा यी निवेदिकाको हकमा थुनछेक आदेशको प्रयोजनार्थ मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको ११८ नं. को देहाय ३ आकर्षित हुने नभै सोही नं. को देहाय ५ आकर्षित हुने देखिँदा जग्गा जमीनसहित स्थायी रूपमा नेपालमा बसोबास गरी आएकी निवेदिकालाई बढीमा १ वर्ष कैद र रू. ५०।- सम्म जरीवाना माग दावी भएकोमा विदेश भारत घर भएको भनी बाँके जिल्ला अदालतबाट पुर्पक्षको लागि थुनामा राख्ने गरी मिति २०६९।३।२१ मा गरेको आदेश र सोलाई यथोचित् मानी पुनरावेदन अदालत, नेपालगञ्जबाट मिति २०६९।४।३२ मा भएको आदेश अ.बं. ११८ को देहाय ३ को मनसायविपरीत भई त्रुटिपूर्ण भएको देखिँदा उक्त दुबै आदेश बदर गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

दुबै आदेश बदर भएकोले अब रिट निवेदिकाको हकमा मुलुकी ऐन, अ.बं. ११८ नं. को देहायको ५ तथा १० समेतलाई विचार गरी नगद वा जेथा धरौट माग गरी कानूनबमोजिम गर्नु भनी बाँके जिल्ला अदालतको नाममा आदेश जारी हुने।

इजलास अधिकृतः रामप्रसाद भट्टराई

इति संवत् २०६९ साल असोज २५ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६७-CR-०६६४, कर्तव्य ज्यान, *कलावती सार्की वि. नेपाल सरकार*

जवर्जस्ती करणीको ८ नं. को अवस्था माग गर्ने प्रतिवादीले आफ्नो सतित्व रक्षाको लागि यति धेरै पटक मृतकलाई प्रहार गर्नुपर्ने अवस्था नरहने हुँदा सो तर्फको प्रतिवादीको पुनरावेदन जिकीरसँग सहमत हुन सकिएन। पुनरावेदिका प्रतिवादी अभियोग दावीबमोजिम कसूरदार कायम हुने।

तत्काल मृतकले स्तन समातेको रिसमा आफ्नो साथमा रहेको हँसिया प्रहार गर्दा मृतकको मृत्यु भएको देखिन्छ। आफूले गरेको प्रहारबाटै मृतकको मृत्यु भएको भनी प्रतिवादीले मौकामा तथा अदालतमा बयान गरी अदालतलाई सहयोग पुऱ्याउनुका अतिरिक्त प्रतिवादीको उमेर समेतलाई मध्यनजर गर्दा ऐनबमोजिम सजाय गर्दा प्रतिवादीलाई चर्को पर्नसक्ने देखिएकोले मुलुकी ऐन, अदालती बन्दोबस्तको १८८ नं. बमोजिम ८(आठ) वर्ष मात्र सजाय हुने।

इजलास अधिकृतः रामप्रसाद भट्टराई

कम्प्युटरः सविना अधिकारी

इति संवत् २०६९ साल भदौ २० गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** पुनरावेदन नं. ०६५-CR-००६०, कीर्ते, *इन्द्रनिधि उपाध्याय वि. नेपाल सरकार*

सरकारी अड्डाको छाप वा सरकारी काममा सरकारी कर्मचारीको छाप दस्तखत भएको सरकारी कागज मान्नुपर्ने र त्यस्तो लिखतमा गरेको कीर्ते कसूरमा सो नं. बमोजिम थप सजाय हुने मान्नुपर्ने।

सरकारी अड्डा अदालतको जिम्मामा रहने सक्कल लिखतको रूपमा रहेको अदालतको फैसलाको

निजले आफ्नो जिम्मामा रहने गरी लिएको प्रकरण नं. ३ मा उल्लिखित प्रकारको अदालतको छाप र अदालतको सरकारी अधिकारीको दस्तखत समेत भएको फैसलाको प्रमाणित नक्कल प्रतिलिपिको लिखतमा थपघट गरी कीर्तेको कसूर गरेको भनी मान्नुपर्ने देखिन आएकोले प्रतिवादी इन्द्रनिधि उपाध्यायलाई कीर्ते कागजको महलको ९ नं. बमोजिम रू. ५०।- जरीवाना र सरकारी कागज कीर्ते गरेतर्फ सोही महलको १२ नं. बमोजिम थप १(एक) वर्ष कैद सजाय हुने ।

इजलास अधिकृतः चित्रबहादुर गुरुङ

इति संवत् २०६९ साल असोज २ गते रोज ३ शुभम् ।

## इजलास नं. १०

**मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की र मा.न्या.श्री कमलनारायण दास,** ०६७-CI-११७१, ११९०, दाइजो फिर्ता, *नानु श्रेष्ठ वि. कविता के.सी., निरञ्जन श्रेष्ठ वि. कविता के.सी.*

प्रस्तुत मुद्दामा मिति २०६१।८।१० गतेभित्र कोठा खोजी डेरामा राख्ने भन्ने प्रहरी महिला सेलमा सहमति भएकोमा सो मुताबिक प्रतिवादीले नगरेको भनी सोही मितिलाई मुद्दा गर्नुपर्ने कारण मानी मिति २०६२।७।८ मा फिराद दायर भएको देखिँदा स्त्री अंशधनको ८ नं. ले व्यवस्था गरेको २ वर्षको हदम्याद नघाई फिराद दायर भएको भन्ने अवस्था नदेखिने ।

विवाह हुँदाको अवस्थामा दुलहीलाई निजका माइती तथा इष्टमित्रहरूले दाइजो उपहार दिने परम्परा नेपाली समाजको सामान्य प्रचलन हो । वादी दावीबमोजिम निजको विवाहमा माइती र इष्टमित्रहरूले दिएको उपहार नलिएको वा फिर्ता गरिसकेको भन्ने जस्तो ठोस जिकीरहरू नदेखिँदा वादी दावीबमोजिम निजको प्रतिवादी निरञ्जन श्रेष्ठसँग विवाह भएको तथ्य स्थापित भै नसकेको अवस्थामा वादी दावीको दाइजो उपहारहरूको विवरण समेतको विवेचना गरी वादी दावीको सम्पूर्ण सामान वा सोको मूल्य रू. २,८९,१००।- (रू. दुई लाख उनानब्बे हजार एक सय) मध्ये फिराद दावीमा गिफ्टहरू शीर्षकअन्तर्गत उल्लेख भएका समानहरू वा सोको मूल्य रू. १,०६,८००।- (रू. एक लाख छ हजार आठ सय) सम्म वादीले प्रतिवादीहरूबाट दिलाई भराई पाउने ।

इजलास अधिकृतः डिल्लीरत्न श्रेष्ठ

कम्प्युटरः मुक्ता प्याकुरेल

इति संवत् २०६९ साल भदौ १३ गते रोज ४ शुभम् ।

## रीत/बेरीत आदेश

१

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा, मा.न्या.श्री तर्कराज भट्ट र मा.न्या.श्री कमलनारायण दास,** ०६८-RE-००६६, ००६७, ००६८, ०२७६, ठगी, *कालु गुरुङ वि. नेपाल सरकार, नेपाल सरकार वि. कालु गुरुङ समेत, कृष्णप्रसाद पाठक वि. नेपाल सरकार, लोकबहादुर टण्डन वि. नेपाल सरकार*

निवेदकहरूमध्ये कालु गुरुको हकमा विचार गर्दा, निजलाई शुरू जिल्ला अदालतबाट रू. ५ करोड बराबरको धरौट वा जेथा जमानत माग गर्ने गरी भएको आदेश पुनरावेदन अदालत, पाटनबाट सदर भएकोमा यस अदालतको संयुक्त इजलासका माननीय न्यायाधीश श्री ताहिर अली अन्सारीबाट निज प्रतिवादीलाई मुलुकी ऐन, अ.बं. ४७ अनुसार साधारण तारीखमा राखी मुद्दा पुर्पक्ष गर्न र माननीय न्यायाधीश श्री ज्ञानेन्द्रबहादुर कार्कीबाट रू. ५ करोड धरौट माग्ने पुनरावेदन अदालतको आदेश सदर गर्ने गरी आदेश भएको रहेछ । निवेदक प्रतिवादीले पोखराको जग्गा बिक्री गर्ने सम्बन्धमा मिति २०६५।७।५ मा करार गरी सो जग्गा युनिटी लाइफ इन्टरनेशनलको नाममा मिति २०६५।१०।७ मा रजिष्ट्रेशन पारीत भएको, त्यसपछि आफू सञ्चालक रहेको ओम शिव सेन्टर कम्पनीको जग्गा युनिटी इन्टरनेशनल कम्पनीको नाममा मिति २०६५।१२।४ मा रजिष्ट्रेशन पारीत गरी कारोवार गरेको भन्ने देखिन्छ । त्यसैगरी यी निवेदकले रोडशो रियल स्टेट प्रा.लि.को तर्फबाट बर्दिबासका केही घडेरीहरू रू. ५ करोडमा युनिटी इन्टरनेशनललाई बिक्री गर्नमा लागि युनिटी इन्टरनेशनलसँग मिति २०६६।१२।१५ मा करार गरेको र अन्य कुराका अतिरिक्त सो करारनामामा रू. तीन करोड बैना लिई ४ (चार) महिनाभित्र उक्त घडेरीहरू रजिष्ट्रेशन पास गर्ने भन्ने कुरा समेत उल्लेख

भएको पाइन्छ । यसरी यी निवेदकको रजिष्टर्ड कम्पनी रोडशो रियल स्टेट प्रा.लि. र युनिटी इन्टरनेशनल नामक अर्को रजिष्टर्ड कम्पनीबीच जग्गाको खरीद बिक्री सम्बन्धमा व्यापारिक कारोवारसम्म भएको देखिन आएको छ । निज कालु गुरुङले नरहे नभएको जग्गा बिक्री गर्न करार गरेको वा कम मूल्यको जग्गा बढी मूल्यमा युनिटी इन्टरनेशनलका सञ्चालकहरूसँग मिली बिक्री गरी ठगी गरेको भन्ने अभियोग दावी रहेको अवस्था छैन । निज युनिटी इन्टरनेशनलको संस्थापक, सञ्चालक वा सदस्य रहे भएको भन्ने पनि हालसम्म प्राप्त मिसिल प्रमाणबाट देखिन नआएकोले निजबाट रू. ५ करोड धरौट माग गर्ने गरी माननीय न्यायाधीश श्री ज्ञानेन्द्रबहादुर कार्कीले उल्लेख गर्नु भएको राय मनासिब देखिन आएन । तर युनिटी इन्टरनेशनललाई जग्गा बिक्री गर्न भनी निज कालु गुरुङ सञ्चालक रहेको कम्पनीले बैनाबापत बुझी लिएको रू. तीन करोड रकम यी निवेदकले आफ्नो कम्पनीको तर्फबाट बुझिलिएको अवस्था देखिएको, उक्त रकम आफूसँग रहे भएको कुरा स्वीकारै गरेको देखिँदा पछि बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी बैनाबापत बुझी लिएको भनिएको रू. ३ करोड रकमसम्म निजले जिल्ला अदालतको आदेशबमोजिम धरौटीबापत बैंक ग्यारेण्टी राखेको भनिएको रू. ५ करोडमध्येबाट रोक्का राखी प्रतिवादी कालु गुरुङलाई मुलुकी ऐन, अ.बं. ४७ नं अनुसार साधारण तारीखमा राखी मुद्दाको पुर्पक्ष गर्नु भनी आदेश गर्नुपर्नेमा सोबमोजिम नगरी उक्तबमोजिम रू. ३ करोडको सम्बन्धमा नबोलेको हदसम्म माननीय न्यायाधीश श्री ताहिर अली अन्सारीको राय मिलेको देखिएन । अब निवेदक प्रतिवादी सञ्चालक रहेको रोडशो रीयल स्टेट प्रा.लि. ले जग्गा बिक्री गर्ने भनी बैना बापत लिएको रू. ३ करोडमा हकमा निजले जिल्ला अदालतको आदेशबमोजिम राखेको धरौटी बापतको बैंक ग्यारेन्टीमध्येबाट रोक्का राखी निज निवेदक कालु गुरुङलाई मुलुकी ऐन, अ.बं. ४७ नं अनुसार साधारण तारीखमा राखी मुद्दाको पुर्पक्ष गर्ने तथा अर्का निवेदक प्रतिवादी लोकबहादुर टण्डनबाट रू. १,५०,०००००।- (एक करोड पचास लाख) नगद धरौट वा सो बराबरको जेथा जमानत माग्ने गरी र अर्का निवेदक प्रतिवादी कृष्णप्रसाद पाठकबाट रू. ३०,०००००।- नगद धरौट वा सो बराबरको जेथा जमानत लिई तारीखमा राख्ने गरी व्यक्त भएको माननीय न्यायाधीश श्री ताहिर अली अन्सारीको राय मनासिब देखिएकोले सदर हुन्छ । उक्तबमोजिम गर्नु भनी प्राप्त मिसिल कागजात ललितपुर जिल्ला अदालतमा पठाई दिनू ।

इति संवत् २०६९ साल कात्तिक २३ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री तर्कराज भट्ट,** ०६८-RE-०१४५, बैंकिङ कसूर, *प्रवीण नौलखा वि. नेपाल सरकार*

**मा.न्या.श्री रामकुमार प्रसाद शाहको रायः**

निवेदकले आफ्नो हक दर्ताको कि.नं. ३४७९, को ५ रोपनी जग्गा अचल सम्पत्ति नेपाल राष्ट्र बैंक र सो जग्गा धितो रहेको प्राइम बैंक, बैंक अफ एशिया, सनराइज बैंक समेतको सहमति लिई गोरखा विकास बैंकलाई बिक्री गर्ने सम्झौता गरी बैना लिएको र सो बैना रकमको सम्बन्धमा प्रस्तुत मुद्दा दायर भई निजलाई थुनामा राखेको देखिएको तर आफ्नो हकको सम्पत्ति बिक्री गर्न र सोबापत बैना रकम पेश्कीस्वरूप लिने कार्य कानूनप्रतिकूल नहुनुका साथै सो बैना पेश्की रकमको सम्बन्धमा दुई पक्षबीच भएको सम्झौतामा उल्लेख भएको शर्तअनुसार सो बैना रकम फिर्ता हुने अवस्थामा जग्गा बिक्री गर्दा पेश्की लिएकोले सो कार्य कसूरजन्य कार्य भएको मान्न मिल्ने नदेखिँदा निवेदकलाई अ.बं. ११८ को देहाय २ बमोजिम पुर्पक्ष निमित्त थुनामा राख्ने गरेको आदेश कानूनसंगत् नभई मिलेको नदेखिँदा सो त्रुटिपूर्ण आदेश बदर गरिदिएको छ । पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने नै हुनाले अ.बं. ४७ नं. बमोजिम निवेदकलाई तारीखमा राखी मुद्दा पुर्पक्ष गर्नू ।

**मा.न्या.श्री तर्कराज भट्टको छुट्टै रायः**

निवेदक प्रतिवादीउपर आफ्नो कम मूल्यको जग्गालाई बढी मूल्य कायम गराई बैनाबापत मूल्य रू. ३०,०५,५६,३४७।- लिई एक करोड फिर्ता गरेको देखिँदा निजले बैंकलाई रू. २९,०५,५६,३४७।- हानि नोक्सानी पारी हालसम्म बैना फिर्ता नगरेको हुँदा निजको सो कार्य बैंकिङ कसूर तथा सजाय ऐन, २०६४ को दफा ९(१)(२)(३) विपरीतको अपराध गरेको भनी

सोही ऐनको दफा १५(२)(घ) को सजाय माग दावी लिई अभियोगपत्र दायर गरेको देखिन्छ । यी निवेदकले पहिले बैंकलाई त्यही जग्गा धितो दिई रू. ७ करोड कर्जा लिएको सो कर्जा सम्बन्धमा हिसाब नै नगरी त्यही जग्गा नब्बे करोडमा बिक्री गर्ने गरी सम्झौता गरेर रू. ३०,०५,५६,३४७- बैना बापत लिएको देखिँदा मुद्दा फैसला हुँदाका अवस्थामा ठहरेबमोजिम हुने नै हुनाले तत्काल प्राप्त प्रमाणको आधारमा निजलाई हाल मुद्दा पुर्पक्षका निमित्त थुनामा राख्ने गरेको त्यस अदालतको आदेश बेरीतको नदेखिँदा परिवर्तन गरिरहन परेन । तर सहयोगी मा.न्या.को छुट्टै राय रहेको हुँदा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(क) बमोजिम पूर्ण इजलासमा पेश गर्नू ।

इति संवत् २०६९ कात्तिक १९ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६९-RE-००४१, ठेक्का बदर, *रामकृष्ण प्रसाद साह वि. ठकाई साह*

मालपोत कार्यालय राजविराजमा वादी प्रतिवादीको दर्ता सम्बन्धमा कारवाही चलिरहेको भन्ने आधारमा प्रस्तुत मुद्दा मुल्तवी राखेको देखियो । मालपोत कार्यालयमा पक्षविपक्षको दर्तासम्बन्धी उक्त निवेदनहरू क्रमश: २०४७।१०।१४ र २०६४।११।२२ मा परी लामो अवधिसम्म पनि टुंगो नलागेको देखिन आउँछ । पक्ष विपक्षको तर्फबाट आफूसमक्ष परेको प्रस्तुत ठेक्का बदर गरी खिचोला मेटाई हक कायम दर्तासम्बन्धी दावी भएको मुद्दाबाट नै वादीको हक कायम समेत हुने नहुने समेत विषयमा निर्णय हुनसक्ने अवस्था विद्यमान रहेको र अनिश्चित कालसम्म निर्णय हुन नसकेको मालपोत कार्यालय, राजविराजमा दुबै पक्षको दर्तासम्बन्धी कारवाहीको सम्भावित परिणाम विचार नगरी मुल्तवी राखेको त्यस अदालतको २०६८।९।३ गतेको आदेश कानूनसंगत् नहुँदा बदर गरिदिएको छ । अब उक्त मुद्दा मुल्तवीबाट जगाई मालपोत कार्यालय, राजविराजमा चलिरहेको उक्त दर्तासम्बन्धी कारवाही निर्णय गर्न लगाई प्रस्तुत मुद्दामा कानूनबमोजिम कारवाही र निर्णय गर्नू ।

इति संवत् २०६९ साल मंसिर १ गते रोज ६ शुभम् ।

४

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६९-RE-००५३, कम्पनी ऐनको कसूर, *रारा फ्लावर एण्ड प्रोसेसिङ्ग प्रा.लि. वि. निर्मलकुमार रिजाल*

प्रस्तुत मुद्दा संक्षिप्त कार्यविधि ऐन, २०२८ अन्तर्गत कारवाही किनारा हुने मुद्दा भएको र निवेदकको वारेसलाई २०६९।३।१३ गतेमा तोकिएको तारीख निजले गुजारेको देखिँदा सो गुज्रेको तारीख थमाउन सोही ऐनको व्यवस्थाबमोजिम थाम्न पाउने म्यादभित्र नगई सो अवधि व्यतीत भएपछि अ.बं. ५९ नं. अनुसार हाजीर हुन गएको देखिँदा सो गुज्रेको तारीख थाम्न नमिल्ने भनी भएको त्यस अदालतको आदेश मनासिब हुँदा परिवर्तन गर्न परेन । कानूनबमोजिम गर्नू ।

इति संवत् २०६९ साल मंसिर १ गते रोज ६ शुभम् ।

५

**मा.न्या.श्री गिरीशचन्द्र लाल र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६८-RE-०२९०, ज्यान मार्ने उद्योग, *प्रशान्त भन्ने श्रीराम पुडासैनी समेत वि. नेपाल सरकार*

जाहेरी दराखास्त मौकामा कागज गर्नेहरूको व्यहोरा र पीडितलाई लागेको घाखत समेतले निवेदक प्रतिवादीहरूले अभियोगबमोजिमको कार्यमा आफ्नो संलग्नता देखाई अनुसन्धान गर्ने अधिकारीसमक्ष गरेका बयानहरू समर्थित भएको र सो साविती बयानहरूलाई हालसम्म संकलित प्रमाणहरूका आधारमा अन्यथा भन्न सकिने अवस्था नहुँदा काठमाडौं जिल्ला अदालतबाट मिति २०६८।८।७४ मा भएको आदेशलाई सदर गर्ने गरी पुनरावेदन अदालत पाटनबाट भएको मिति २०६८।१०।२७ को आदेशलाई परिवर्तन गरिरहन परेन । कानूनबमोजिम गर्नू ।

इति संवत् २०६९ साल कात्तिक २२ गते रोज ४ शुभम् ।

## पुनरावलोकन निस्सा

१

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा, मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** पु.नि.नं. ०६७-RV-०४६५, गुठी धर्मलोप गुठी कायम, *योग्यरत्न ताम्राकार वि. पुण्यरत्न ताम्राकार*

वादीका पिता लक्ष्मीरत्न ताम्राकार र प्रतिवादी पुण्यरत्न ताम्राकारका पिता नीलमुनी ताम्राकारकाबीच २००२।८।२३ मा भएको बण्डापत्रमा बिर्ता गुठी जग्गा गोश्वारामा कायम राखी अन्य सम्पत्ति मात्र बण्डा गरेको देखिएको र मुलुकी ऐन, गुठीको महलको १६ नं. मा धर्मलोप गरेको बाहेक अरू कुरामा भए गरेको मितिले दुई वर्षभित्र नालिस दिनुपर्ने गरी धर्मलोप गरेकोमा हदम्याद नलाग्ने कानूनी व्यवस्था गरेको अवस्थामा फिराद पत्र गुठीको १६ नं. को म्यादभित्र नपरेको भनी मुद्दाको तथ्यभित्र प्रवेश गरी अन्य प्रमाणहरूको मूल्याङ्कन र विवेचना नगरी इन्साफ गर्नु नपर्ने भनी पुनरावेदन अदालत, पाटनबाट भएको फैसला उल्टी गरी फिराद दावी खारेज गरेको यस अदालतको फैसलामा मुलुकी ऐन, गुठीको १६ नं. को व्याख्यात्मक त्रुटि तथा सनातनदेखि चलिआएको आगन देवताको गुठीको जेथामा गुठियारको हक गुठीको सनातनदेखि चलिआएबमोजिमको धर्म पूजाआजा चलाई राखी सामूहिक रूले स्थिति बन्देजअनुसार भोगचलन गर्न पाउनेसम्म मात्र हो एकलौटी कसैको हक हुने कुरा हुँदैन, मास्न नास्न कसैलाई हक छैन भन्ने समेत कान्छारत्न तुलाधर समेत विरूद्ध मायादेवी तुलाधरको मुद्दामा निर्णय भै प्रतिपादित सिद्धान्तको (*नेकाप* २०४३, नि.नं. २८५६, पृष्ठ ९१५) प्रतिकूल देखिँदा न्याय प्रशासन ऐन, २०४८ को दफा ११ को उपदफा (१) को खण्ड (ख) बमोजिम प्रस्तुत मुद्दा पुनरावलोकन गरी हेर्ने निस्सा प्रदान हुने ।

इति संवत् २०६९ साल कात्तिक १७ गते रोज ६ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन्:

- पु.नि.नं. ०६७-RV-०४६६, लिखत बदर धर्मलोप, *योग्यरत्न ताम्राकार वि. पुण्यरत्न ताम्राकार*
- पु.नि.नं. ०६७-RV-०४६७, लिखत बदर धर्मलोप, *योग्यरत्न ताम्राकार वि. पुण्यरत्न ताम्राकार*
- पु.नि.नं. ०६७-RV-०४६८, लिखत बदर धर्मलोप, *योग्यरत्न ताम्राकार वि. पुण्यरत्न ताम्राकार*

२

**मा.न्या.श्री सुशीला कार्की, मा.न्या.श्री तर्कराज भट्ट र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** पु.नि.नं. ०६८-RV-०१६०, अंश चलन, *दानबहादुर श्रेष्ठ वि. कृष्णबहादुर श्रेष्ठ*

साविक कि.नं. ६५ को क्षेत्रफल १-२-० को जग्गा कित्ताकाट गरी कि.नं. १३८१ को ०-६-० जग्गा प्रतिवादी दानबहादुर श्रेष्ठले लिएको र बाँकी कि.नं. १३८० को जग्गा कित्ताकाट गरी आशामरू र कृष्णबहादुरले बण्डा गरी आशामरूको भागको कि.नं. २३६६ कृष्णबहादुरको छोरा कृष्णहरिलाई शेषपछिको बकसपत्र गरेको र कि.नं. २३६७ कृष्णबहादुरले भोग चलन गरी आपसमा बण्डा गरी तीनै दाजु भाइले नक्सा पारीत गरी घर निर्माण गरी बसोबास गरी आएको र पछि सो जग्गा विभिन्न व्यक्तिहरूलाई हस्तान्तरण गरेको अवस्था देखिन्छ । सोउपर यी अंशियारहरूबीच चारथान लिखत बदर मुद्दा चलेकोमा कि.नं. १३८१ को घर जग्गा दानबहादुर श्रेष्ठको एकलौटी कायम हुने भन्ने फैसला अन्तिम भएर बसेको अवस्थामा उक्त घरजग्गा बण्डा लाग्ने भनी गरेको यस अदालतको मिति २०६७।१२।२१ को फैसला एक पटक अन्तिम भै राखेको फैसला न्यायिक परिपाटी सिद्धान्तको विपरीत हुने गरी फैसला गर्न नमिल्ने भन्ने समेत उदयबहादुर क्षेत्री विरुद्ध वीरबहादुर मास्केको मुद्दामा निर्णय भै प्रतिपादित सिद्धान्त (*नेकाप* २०३० नि.नं. ७८५, पृष्ठ ३०३) को प्रतिकूल हुने गरी पुनः सोही विषय विपरीत निर्णय भएको देखिँदा न्याय प्रशासन ऐन, २०४८ को दफा ११ को उपदफा (१) को खण्ड (ख) बमोजिम प्रस्तुत मुद्दा पुनरावलोकन गरी हेर्ने निस्सा प्रदान हुने ।

इति संवत् २०६९ साल कात्तिक २४ गते रोज ६ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन्:

- पु.नि.नं. ०६८-RV-०१५८, अंश चलन, *दानबहादुर श्रेष्ठ वि. कृष्णबहादुर श्रेष्ठ समेत*
- पु.नि.नं. ०६८-RV-०१५९, अंश चलन, *दानबहादुर श्रेष्ठ वि. कृष्णबहादुर श्रेष्ठ*